# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १११ | काठमाडौं | मंगलबार, २७ साउन २०८२ | Prabhab National Daily | Tuesday, 12 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


अर्थ समितिमा चर्काचर्की

## गहन विषयमा सांसदले रूचि नदेखाएको गुनासो



वैकल्पिक वित्त विकास तथा परिचालन हुनुपर्ने हो नाम यो शीर्षक नै गलत छ । वैकल्पिक विकास भएको छ ।

■ **विराजभक्त श्रेष्ठ**, सांसद, रास्वपा



आइटीको कुरै भएन नि भन्नुभएको छ । आइटीको कुरा सुरूमै लेखिएको छ । माननीयज्यूले त्यहाँ आँखा लगाउनुहोला ।

■ **विष्णु पौडेल**, अर्थमन्त्री



विधेयक पढेर आउनुपर्छ । योजना आयोगको व्यवस्थासँग तदाम्यता छ कि छैन भनेर पढेर आउनुपर्छ । नचाहिने कुरामा न्याइँन्याइँ गर्ने हैन ।

■ **सूर्य थापा**, सांसद, नेकपा एमाले



अस्ति दुई जना विज्ञसँग चार घण्टा छलफल गर्‍यौं । माननीयज्यूहरु कोही पनि आउनुहुन्न । यसबारे जानकारी पाउन बैठकमा भाग लिनुपर्‍यो ।

■ **सन्तोष चालिसे**, सभापति, अर्थ समिति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैकल्पिक विकास वित्त परिचालन विधेयकमा महत्त्वपूर्ण भनिएको सूचना प्रविधिको विषय नै छुटेको सांसदहरूले गुनासो गरेका छन् । सोमबार अर्थ समितिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद विराजभक्त श्रेष्ठले सूचना प्रविधिको क्षेत्रलाई पर्याप्त नै ध्यान नदिएको बताएका हुन् ।

विधेयकको शीर्षक नै गलत भएको दाबी गर्दै श्रेष्ठले यस्तो बताएका हुन् । 'वैकल्पिक वित्त विकास तथा परिचालन हुनुपर्ने हो नाम यो शीर्षक नै गलत छ । वैकल्पिक विकास भएको छ,' श्रेष्ठले भने, 'सरकारले बनाउन लागेको यो कानुनले आइटीलाई छोएको देखिएन । वैकल्पिक वित्त परिचालनको क्षेत्रमा जुन कुराहरू राखिएको छ, ती अहिलेकै संरचनाबाटै गर्न सकिन्छ भने छुट्टै संरचना किन आवश्यक पर्‍यो । सरकारले स्पष्ट पार्नुपर्छ ।'

श्रेष्ठले विधेयकमाथि टिप्पणी गर्नासाथ समितिका सभापति सन्तोष चालिसेले छलफलमै भाग नलिने तर अन्तिम अवस्थामा आएर आलोचनामात्र गर्ने काम सांसदहरूले गर्ने गरेको दुखेसो पोखे । 'अस्ति दुई जना विज्ञसँग चार घण्टा छलफल गर्‍यौं । माननीयज्यूहरू कोही पनि आउनुहुन्न,' सभापति चालिसेले भने, 'यसबारे जानकारी पाउन बैठकमा भाग लिनुपर्‍यो । यति ठूलो विधेयकबारे छलफल भइरहेको छ, बैठकमा आठ जना सहभागी हुन गाह्रो छ । पास गर्ने दिनमा आएर यो बुझेन त्यो बुझेन भन्न भएन ।'

क्रमशः पृष्ठ २ मा

### कोषमा पनि लफडा

विधेयकको दफा ५ को कोषले एक अर्बभन्दा तलका आयोजनाहरूमा लगानी नगर्ने व्यवस्थामाथि पनि रास्वपा र सत्तापक्षका सांसदहरूबीच चर्काचर्की पर्‍यो । उक्त व्यवस्थालाई ५० करोड रूपैयाँसम्मका आयोजनामा लगानी गर्ने प्रवधान राख्न संशोधन परेअनुसार जानुपर्ने एमाले सांसद सूर्य थापाको राय थियो । त्यसपछि उक्त विषयमा रास्वपा सांसद विराजभक्त श्रेष्ठले सभापतिको धारणालाई समर्थन गर्दै ५० करोड रूपैयाँका आयोजनामा लगानी गर्नुपर्ने प्रावधान राख्न नहुने बताए ।

श्रेष्ठले भने, 'एक अर्बभन्दा तलका आयोजनाहरूमा लगानी गर्ने भनिएपछि सांसदहरूसमेत सबै कोषमा लाइन लाग्छन् ।

क्रमशः पृष्ठ २ मा

# चार आधारले रवि थुनामै

- तीन तर्क गर्दै थुनामुक्तका लागि रवि लामिछानेले दिएको निवेदन चार आधारले अस्वीकार्य
- थुनामै राख्ने आदेशपछि लम्बियो लामिछानेको जेलवास
- लामिछानेको मानवअधिकार थुनामा कुण्ठित भएको जिकिर

■ **जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई बैंक जमानत लिएर रिहा गर्न जिल्ला अदालत रूपन्देहीले अस्वीकार गरेको छ । चारवटा आधार प्रस्तुत गर्दै अदालतले सोमबार लामिछानेलाई बैंक जमानतमा रिहा गर्न नमिल्ने निर्णय लिएको हो ।

अदालतका सूचना अधिकारी पदम अर्यालका अनुसार पहिलो आधार भनेको लामिछानेउपर सहकारी ऐन र संगठित अपराध निवारण ऐन २०७० अनुसार सजाय हुन अभियोग मागदाबी लिएको पाइएकोले हो । दोस्रो आधार, लामिछानेउपरको बिगोसमेत यकीन नहुनाले हो । लामिछानेविरुद्धको मुद्दामा हाल साक्षी बुझ्नेलगायतका थप प्रमाण बुझ्ने कार्य बाँकी नै रहेकोलाई तेस्रो आधार मानिएको छ । यससँगै मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७१ समेतको अवस्था विद्यमान भएको मिसिल संलग्न कागज प्रमाणबाट नदेखिएको कारणलाई चौथो आधार औंल्याइएको छ ।

यिनै कारणहरू जनाएर न्यायाधीश नारायणप्रसाद सापकोटाको इजलासले लामिछानको मागबमोजिम बैंक जमानत बुझाएर रिहा हुन पाउँ भन्ने निवेदनलाई खारेज गरिदिएको हो । लामिछाने आफ्नो भागमा पर्ने दुई करोड ७४ लाख ८४ हजार रूपैयाँ धरौटी बुझाएर रिहा हुन चाहन्छन् । रिहा हुनका लागि उनले तीनवटा तर्क अघि सारेका थिए ।

पहिलो, भैरहवास्थित कारागारको अवस्था अत्यन्त दयनीय र कष्टकर रहेको तथा आफूलाई कारागार स्थानान्तरण गर्नुपर्ने माग पनि सम्बोधन नभएको भन्दै उनले जमानतमा छुटाउनुपर्ने मागथियो ।






■ **रविले दाबी गरेका तीन आधार**

१) भैरहवास्थित कारागारको अवस्था अत्यन्त दयनीय र कष्टकर रहेको तथा आफूलाई कारागार स्थानान्तरण गर्नुपर्ने माग पनि सम्बोधन नभएकोले जमानतमा छुटाउनुपर्ने ।
२) राज्यले आफूविरूद्ध बदनियतपूर्वक मुद्दा चलाएको र मुद्दामा आफूविरूद्ध प्रमाण नै नभएको ।
३) सहकारी ठगीको मुद्दामा मिलापत्रको व्यवस्थासमेत रहेकोले आफूलाई हुनसक्ने अधिकतम बिगोबापतको रकम पहिले नै बुझाउन तयार रहेको ।

■ **अदालतद्वारा प्रस्तुत चार आधार**

१) लामिछानेउपर सहकारी ऐन र संगठित अपराध निवारण ऐन २०७० अनुसार सजाय हुन अभियोग मागदाबी लिएको ।
२) लामिछानेउपरको बिगोसमेत यकीन नभएको ।
३) लामिछानेविरूद्धको मुद्दामा हाल साक्षी बुझ्नेलगायतका थप प्रमाण बुझ्ने कार्य बाँकी नै रहेको ।
४) मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७१ समेतको अवस्था विद्यमान भएको मिसिल संलग्न कागज प्रमाणबाट नदेखिएको ।

दोस्रो, राज्यले आफूविरुद्ध बदनियतपूर्वक मुद्दा चलाएको र मुद्दामा आफूविरुद्ध प्रमाण नै नभएकाले थुनामुक्त हुनुपर्ने तर्क गरेका थिए ।

तेस्रो, सहकारी ठगीको मुद्दामा मिलापत्रको व्यवस्थासमेत रहेको भन्दै उनले आफूलाई हुनसक्ने अधिकतम बिगोबापतको रकम पहिले नै बुझाउन तयार गरेको भन्दै थुनामुक्त गर्नुपर्ने माग गरेका थिए ।

त्यसका लागि रविले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ लाई थुनामुक्तको आधार बनाएका थिए । उक्त दफामा छ, 'मुद्दाको कारबाहीको जुनसुकै अवस्थामा पनि आरोपितलाई थुना वा जमानतमा राख्न सकिने ।'

सोही दफामा भनिएको छ, 'मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगे पनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई अवस्थाअनुसार दफा ६७ बमोजिम थुनामा राख वा दफा ६८ बमोजिम धरौटी, जमानत वा बैंक जमानत माग्न सक्ने छ ।' यही कानुनी आधारलाई टेकेर बैंक जमानत बुझाएर थुनामुक्त हुने ओलीको चाहना थियो, जुन अधुरै रहयो ।

पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेका पक्षधरहरूले 'राजनीतिक प्रतिशोधपूर्वक' लामिछानेलाई थुनामा राखिएको आरोप लगाउने गरेका छन् । त्यही भएर उनको दल रास्वपाले देशव्यापीरूपमा हस्ताक्षर अभियान चलाइरहँदा थुनामुक्तको माग गर्दै निवेदन परेको थियो । १ भदौ २०७५ बाट लागू भएको फौजदारी कार्यविधि संहिताले पुर्पक्षमा थुनामा रहेका व्यक्तिलाई बिगोबराबरको धरौटी जम्मा गरेपछि तारेख छुट्न पाउने सुविधा दिएको छ । तर, लामिछानेको हकमा त्यो सुविधाको प्रयोग भएन ।

यसअघि सर्वोच्च अदालतले रूपन्देही जिल्ला अदालतमा विचाराधीन मुद्दाको अन्तिम फैसला नहुँदासम्म उनलाई थुनामा पठाउन आदेश दिएको थियो । उनी सहकारी ठगी प्रकरणमा गत वर्षको २ कात्तिकमा पक्राउ परेका थिए ।

क्रमशः पृष्ठ २ मा

### 'रविलाई राखिएको कोठाको अवस्था नाजुक'

रास्वपा सभापति रवि लामिछानेलाई अमानवीय तरिकाले थुनामा राखिएको भन्दै सर्वत्र विरोध भएपछि मानवअधिकार आयोग र अनौपचारिक क्षेत्र सहयोग केन्द्र (इन्सेक)ले संयुक्त अनुगमन गरेका छन् । अनुगमन गरेकी आयोग सदस्य लिली थापाले लामिछानेले जेलमा आधारभूत मानवअधिकार उपभोग गर्न नपाएको बताइन् । झ्याल खुला नभएको र त्यहाँको स्थिति हेर्दा मानवअधिकारको आधारभूत अवधारणाबाट हेर्दा त्यो एकदमै खराब भएको उनले बताइन् ।

'सुरक्षाको कारणले त्यो बारिएको, बाहिरबाट जसले पनि जे गर्न सक्छ भनेर उहाँहरूले (कारागार प्रशासनले) भन्नुभएको छ । राज्यले लिएर गएपछि त्यो कसलाई सुरक्षा दिनुपर्ने कसलाई नदिनुपर्ने राज्यको कर्तव्य हो । झ्याल ढोकै बन्द गरेर सुरक्षा दिने भन्ने कुरा गलत हो,' सदस्य थापाले भनिन् ।

लामिछानेसँग एउटा रेडियो र उनी बसिरहेको कोठामा दुईवटा फयान आफूहरूले देखे पनि कोठाको अवस्था राम्रो नपाएको थापाले बताइन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## आप्रवासी श्रमिकका लागि हाउजिङ कम्प्लेक्स बनाउँदै कुवेत सरकार

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कुवेत सरकारले आप्रवासी श्रमिकहरूको बसोबासका लागि १२ वटा नयाँ हाउजिङ कम्प्लेक्स निर्माण गरिरहेको जनाइएको छ । विशेषगरी आप्रवासी एकल पुरुषलाई लक्षित गरी सरकारले पारिवारिक आवास क्षेत्रभन्दा बाहिर तोकिएको स्थानमा कम्प्लेक्सहरू निर्माण गरेको जनाइएको छ । यो योजनाले आप्रवासी कामदारलाई नियमन गर्ने, सहरलाई व्यवस्थित गर्ने र सामाजिक सुरक्षाको अवस्थालाई बलियो बनाउने जनाइएको छ ।

यो योजनालाई आप्रवासी श्रमिकहरूको संख्या बढी भएका जलेब अल-शुयुख जस्ता क्षेत्रहरूमा केन्द्रित गरिएको त्यहाँका सञ्चारमाध्यमले रिपोर्ट गरेका छन् । यी स्थानहरूमा अविवाहित पुरुषहरूका लागि बनेका असुरक्षित र गैरकानुनी बासस्थानले स्वास्थ्य र सुरक्षा जोखिम बढाएको जनाइएको छ । सरकारको यो कदमले बारम्बार घट्दै आएका अपराधलगायतका घटनाको दिगो समाधान गर्ने विश्वास लिइएको छ ।



तस्बिरः सिन्हुवा

त्यहाँको सरकारी प्रतिवेदनका अनुसार नयाँ मोडलमा बनाइएको आवास

क्रमशः पृष्ठ २ मा

## 'श्रमसंसार अब डिजिटलक्रेसीको अवधारणामा'

**काठमाडौं (प्रस)–** श्रमसचिव डा. कृष्णहरि पुष्करले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय डिजिटल युगलाई आत्मसात् गर्दै डिजिटलक्रेसीको अवधारणाअनुरूप मन्त्रालयले नयाँ डिजिटल पद्दतिहरू थप्दै लगेको बताएका छन् । सोमबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले समग्र श्रम चक्रलाई डिजिटलाइजेसन गर्न 'ब्लुप्रिन्ट'को प्रयोग गरी प्रणाली निर्माणको कार्यले थप गति लिने उल्लेख गरेका छन् ।



सचिव पुस्करले स्वीस कन्टचाक्टबाट श्रमसंसार र रेमी परियोजनाबाट श्रमबजार सूचना प्रणालीको प्राविधिक दस्तावेजहरूको कार्यान्वयनबाट ब्युरोक्रेसी डिजिटलक्रेसीमा रूपान्तरण हुन लागेको जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा




# मापदण्डविपरीतका २७१ पानीका जार नष्ट

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले मापदण्डविपरीतका प्रशोधित पिउने पानीका २७१ जार नष्ट गरेको छ । महानगरका अनुसार गत आसार र यही साउनमा मात्रै मापदण्डविपरीतका ४५६ वटा जार बरामद गरी नष्ट गरिएको छ ।

बर्खायाममा पानीजन्य रोगहरूको जोखिम न्यूनीकरण गर्न कामपाले प्रशोधित पिउने पानीको अनुगमनको क्रममा उक्त जार नष्ट गरेको कृषि तथा पशुपक्षी विभागका प्रमुख नुरनिधि न्यौपानेले जानकारी दिए ।

पानीको गुणस्तर सुनिश्चित गर्न भौतिक तथा जैविक परीक्षणका लागि नमूनाहरू प्रयोगशालामा पठाइएको पनि उनले बताए । चालु आर्थिक वर्ष सुरु भएपछि कामपाले बल्खु, चाबहिल–चुच्चेपाटी, माछापोखरी–बालाजु, कोटेश्वरलगायतका स्थानमा अनुगमन गरेको थियो ।

महानगर, कृषि तथा पशुपन्छी विभाग र महानगर प्रहरी बलको सहकार्यमा विभिन्न स्थानहरूमा चेकपोस्ट राखेर खानेपानी बोक्ने गाडीहरूको अनुगमन गरिएको हो । 'हामीले बर्खायाममा पानीजन्य रोगहरूको जोखिमलाई मध्यनजर गर्दै प्रशोधित पिउने पानीको गुणस्तरमा विशेष ध्यान दिएका छौं । मापदण्डविपरीतका जार हरूले नागरिकको स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ । त्यसैले हामीले यस्ता जारहरू तत्काल जफत गरी नष्ट गर्ने र कम्पनीहरूलाई कडा निर्देशन दिने काम गरिरहेका छौं,' न्यौपानेले बताए ।

अनुगमनका क्रममा मापदण्डविपरीतका जारहरू बिक्री–वितरण नगर्न, जारमा स्पष्ट लेबल राख्न, कम्पनीले जारी गरेको बिल–बिजक सवारी साधनमै लिएर हिँड्न र पानीको गुणस्तरमा संवेदनशील हुन पानी उत्पादक कम्पनीहरूलाई निर्देशन दिइएको न्यौपानेले बताए ।

## पृष्ठ १ बाट क्रमशः

### चार आधारले...

त्यसपछि विभिन्न जिल्लामा चलेको सहकारी ठगीसम्बन्धी मुद्दाका लागि उनलाई बयान लिनेदेखि थुनछेक बहसमा सहभागी गराइएको थियो ।

अन्ततः बुटवलको सुप्रिम सहकारीको बचत अपचलनको अभियोगमा थुनछेक बहसका क्रममा गएको माघ १३ गते रूपन्देही जिल्ला अदालतले लामिछानेलाई एक करोड धरौटी लिएर छाड्न आदेश दिएको थियो । तर, उनी त्यसको दुई महिनापछि पुनः थुनामा पुगे । गत २२ चैतमा भने उच्च अदालत तुल्सीपुरको बुटवल इजलासले जिल्लाको आदेश उल्टयाउँदै उनलाई थुनामा पठाएको थियो ।

सुप्रिम सहकारीको बचत अपचलनमा रूपन्देही जिल्ला अदालतमा लामिछानेसहित २२ जनालाई प्रतिवादी बनाइएको र सरकारी वकिलको कार्यालयले ५५ करोड ५९ लाख रूपैयाँ सामूहिक बिगो माग गरेको छ ।

सोही बिगो भाग लगाउँदा रविको भागमा दुई करोड ७४ लाख ८४ हजार रूपैयाँ बैंक जमानत बुझाउने र थुनामुक्त हुने भनेका थिए । यद्यपि, जमानत बुझाएर थुनामुक्त हुन लामिछानेले पाएनन् । हाल उनीविरुद्ध काठमाडौं, चितवन, कास्कीको पोखरा, रूपन्देहीसँगै पर्साको एक सहकारीको मुद्दा छ ।

■■■

### रविलाई ...

'कोठाभित्रै शौचालय भए पनि त्यहाँ पानीको व्यवस्था कम रहेको पाइयो । सुत्ने, खाने एकैठाउँ हुँदा तपाईंले नै कल्पना गर्न सक्नुहुन्छ,' उनले भनिन् सदस्य थापाका अनुसार रूपन्देही कारागारको क्षमता २५० जना कैदीबन्दी राख्ने हो । तर, ६५० जनाभन्दा बढी बन्दी राखिएको पाइएकोले अवस्था ज्यादै नाजुक रहेको उनले सुनाइन् ।

■■■

### गहन विषयमा...

अर्थ समितिको सदस्यको हैसियतले अरु व्यक्तिहरूलाई पनि स्पष्ट पार्न आफूले प्रस्टीकरण खोजेको श्रेष्ठको भनाइ थियो । उनले सभापति चालिसेलाई कोरम नपुगेको समयमा पनि आएर साथ दिएको विषयसमेत सम्झाएका थिए ।

नेकपा एमालेका सांसद सूर्य थापाले सभापति चालिसेको बचाउ गर्दै रास्वपाका सांसदहरूलाई विधेयक पढेर आउन सुझाए । 'विधेयक पढेर आउनुपर्छ । योजना आयोगको व्यवस्थासँग तदाम्यता छ कि छैन भनेर पढेर आउनुपर्छ । नचाहिने कुरामा च्याइँच्याइँ गर्ने हैन,' थापाले भने ।

अर्थमन्त्री विष्णु पौडेलले भने आइटीको विषय सुरुमै भएको उल्लेख गरे । 'आइटीको कुरै भएन नि भन्नुभएको छ । आइटीको कुरा सुरुमै लेखिएको छ । सूचना प्रविधि पार्क भनिएको छ । यसले आइटीलाई ध्यान दिएन, यो विधेयक किन चाहियो भन्नु भन्दा पनि यसले ध्यान दिएको नै छ । माननीयज्यूले त्यहाँ आँखा लगाउनुहोला,' अर्थमन्त्री पौडेलले भने ।

■■■

### कोषमा पनि...

अहिले अर्थमन्त्रीकहाँ योजना माग्न गएजस्तै कोषमा जाने प्रचलन हुन्छ । त्यसैले त्यस्तो गर्न हुँदैन ।' त्यहीबेला एमाले सांसद थापाले जनप्रतिनिधि भएर जनप्रतिनिधिको बेइज्जत गर्ने भन्दै श्रेष्ठमाथि खनिए । 'जनप्रतिनिधिले नगरेर कसले गर्ने हो ? जनप्रतिनिधिकप्रति घृणा फैलाउने काम जनप्रतिनिधिले गर्न मिल्छ ? यो आपत्तिजनक कुरा हो,' थापा चर्किए । यस विषयमा भने सभापति सन्तोष चालिसेले श्रेष्ठको बचाउ गरेका थिए ।

अर्थमन्त्री विष्णु पौडेलले पनि विभिन्न क्षेत्रबाट आम्दानी बढ्ने उल्लेख गर्दै कोष एक अर्बमा जाँदा ठिकै हुने धारणा राखे । 'हाम्रो ट्रेजरी पनि बढ्दै जाला । राजस्व बढ्दै जाला । आम्दानीको स्रोत बढ्दै जाला । तेलखानी, फलामखानी इनोभेसन गर्दै छौं । हाइड्रोमा लगानी बढ्दै छ । साना योजनामा नजाने कि भनेर एक अर्बको कुरा यसैले गरेका हौं । मुनाफाविना ठूला योजना अघि बढ्न सक्दैन । एक अर्बमा जाँदा ठिकै हुन्छ,' उनले भने ।

■■■

### आप्रवासी...

कम्प्लेक्सहरू वातावरणीय दिगोपन, जनस्वास्थ्य र सेवा पूर्वाधारलाई प्राथमिकता दिने हिसाबले डिजाइन गरिएको छ । यस योजनाअन्तर्गत करिब दुई लाख ७५ हजार कामदारका लागि नयाँ छ वटा सहरहरू निर्माण गरिने छ । जसमध्ये चारवटा जहरा गभर्नरेटमा र दुई अहमदीमा रहेको जनाइएको छ । श्रमिकहरूको दैनिकीलाई बाक्लो जनसंख्या भएका स्थानहरूबाट टाढा लगेर व्यवस्थितरूपमा स्थानान्तरण गर्ने सरकारको रणनीति रहेको बुझिएको छ ।

कुवेतका नगरपालिकाहरूले यो योजनाअन्तर्गतको काम थालिसकेका छन् । गत अप्रिलमा सुभानमा ४० हजार वर्ग मिटरको कम्प्लेक्समा तीन हजार कामदार राख्ने क्षमताको काम सुरु भएको जनाइएको छ । अमघारा र अहमदी भन्ने स्थानमा अन्य कामहरू जारी रहेका छन् । उत्तरी पश्चिम शुएबा क्षेत्रको सात लाख ५० हजार वर्ग मिटरमा सबैभन्दा ठूलो परियोजना बनिरहेको छ । यो मेगा कम्प्लेक्समा करिब ५६ हजार कामदार अट्ने अपेक्षा गरिएको छ । यसबाहेक, शद्दादियाहमा तीनवटा नयाँ कम्प्लेक्स बनाइँदै छ । कूल क्षेत्रफल चार लाख ५० हजार वर्ग मिटरमा फैलिएको यो कम्प्लेक्समा ४२ हजार कामदार अटाउने अपेक्षा गरिएको छ ।

प्रत्येक कम्प्लेक्समा संगठित आवास एकाइहरूका लागि २० प्रतिशत, स्वास्थ्य सेवासहित अत्यावश्यक सेवाहरूका लागि पाँच प्रतिशत, बगैंचाका लागि १२ प्रतिशत, पूर्वाधारका लागि पाँच प्रतिशत, आन्तरिक सडक निर्माणका लागि ३६.३ प्रतिशत बजेट छुटयाइएको छ । कम्प्लेक्सहरूले आवास, व्यावसायिक गतिविधि, सेवा, खुला ठाउँ, पूर्वाधारहरू र आन्तरिक सडकलगायत सन्तुलित सहरका लागि आवश्यक पर्ने सबै पूर्वाधारहरू समेट्ने छ । यसले श्रमिकको स्वास्थ्य, सुरक्षा र जीवनको स्तरलाई प्राथमिकता राखेको जनाइएको छ । सरकारको यो कदमले श्रमिकहरू बसोवास गर्ने क्षेत्रमा हुने भीडभाड नियन्त्रण गर्दै उनीहरूको हित गर्ने भनिएको छ ।

यीबाहेक अल–हज्जाज सहरको पश्चिममा र अर्को सुभान (ब्लक ११) गरी दुई साइटहरू दिगोपनको मूल्यांकनको समीक्षापछि रद्द गरिएको जनाइएको छ । त्यहाँका अधिकारी तथा सहरीविज्ञहरूले यो परियोजना श्रमिकहरूका आवासको समाधानमात्र नभएर राष्ट्रिय स्थायित्वमाथिको लगानी भएको जनाएका छन् ।

■■■

### श्रमसंसार अब...

श्रमचक्रको समग्र प्रक्रियालाई डिजिटलाइजेसन ब्लुप्रिन्टले ध्यान दिएको उल्लेख गर्दै सचिव डा. पुष्करले यसलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने प्रतिबद्धता जनाए । श्रममन्त्री शरतसिंह भण्डारीले नवौं पञ्चवर्षीय योजनादेखि सोचिएको डिजिटलाइजेसन र श्रमबजार सूचना प्रणालीले साकार रूप लिँदै गरेकोमा सन्तुष्टि व्यक्त गरे ।

यस कार्यमा विकास साझेदार एसडिसी, स्वीस कन्टचाक्ट र रेमी परियोजनाको योगदानको प्रशंसा गर्दै नागरिकलाई सेवा प्रवाह गर्न 'मान्छे दौडिने नभई प्रणाली दौडिनुपर्ने' पद्दतिको विकास हुन लागेको बताए । सीमित स्रोत र साधन हुँदाहुँदै पनि श्रमसंसारको प्रयोगलाई व्यापकता दिइएको र अब उप्रान्त समग्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा प्रणाली प्रविधिमा हुने जानकारी दिए ।

---

## फेवा ओभरसिज प्रा. लि. को
## अत्यन्त जरूरी सूचना

**प्रकाशित मितिः २०८२/04/२७**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस फेवा ओभरसिज प्रा. लि. (श्रम इजाजत पत्र नं. १५५९/०७९/०८०) को नाम लिई विभिन्न देशहरूमा वैदेशिक रोजगारमा पठाई दिन्छु भनी विभिन्न व्यक्तिहरूसँग आर्थिक कारोबार गरेको भन्ने सुनिन आएकोले यस प्रा. लि.को गम्भीर ध्यानाकर्षण भएको छ । निज व्यक्ति **हरियाली चोक, बेलबारी-१०,मोरङ निवासी पदम बहादुर जोगी (पासपोट नं PA2937075, ना.प्र.नं. ०५२०२०८३२)** यस प्रा.लि को आधिकारिक व्यक्ति नभएको र यस प्रा. लि. को केन्द्रीय कार्यालय कागेश्वरी मनोहरामा बाहेक अन्यत्र कहि कतै शाखा र सम्पर्क कार्यालय नभएको समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस प्रा.लि. को आधिकारिक व्यक्ति बाहेक अन्य कसैसँग पनि वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने जानकारी गराउँदछौं । यस प्रा. लि.सँग सम्बन्धित आर्थिक कारोबार गर्दा यस प्रा. लि. को लेखा शाखाबाट मात्र गर्न अनुरोध गर्दछौं ।

**FEWA OVERSEAS PVT. LTD**
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal,
Tel: 01-5914530, 9808655324, 9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

---

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Sherpa International Manpower Consultancy Pvt. Ltd. (ई.प.नं. ४३०/०६०/०६१) मा कार्यरत जिल्ला सिन्धुली कमलामाई-१० (ना. प्र. प्र. नं. २०-०१-७६-०१२५८ सन्ध्या माझी मिति २०८२/०३/३२ गतेदेखि यस प्रा.लि.बाट हटाइएको हुँदा निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजहरूसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

---

## नागरिक कम्युनिटी टिचिङ्ग हस्पिटल लि. को
## सत्रौं वार्षिक साधारणसभा सम्बन्धी सुचना

श्री आदरणिय शेयरधनी महानुभावज्यूहरु,

यस नागरिक कम्युनिटी टिचिङ्ग हस्पिटल लि.को सञ्चालक समितिको मिति २०८२/४/१९ गतेको बैठकको निर्णयानुसार सत्रौं साधारणसभा देहायका विषयहरुमा छलफल र निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा यस कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८२/०५/२० गते शुक्रवार
समय : दिउँसो २:०० बजे
स्थान : नागरिक कलेज अफ हेल्थ साइन्स कलेज, गट्ठाघर भक्तपुर (अस्पतालबाट २०० मी.पूर्वतर्फ कलेजको परिसर) ।

**छलफलका विषयहरु**

१. अध्यक्षज्यू को मन्तव्य तथा आ.व.०८१/०८२ को बार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. आ.व. ०८१/०८२ को नाफा नोक्सान हिसाब, वासलात, कोष प्रवाह विवरण एवं लेखा परिक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।
३. यस कम्पनीको सहायक कम्पनी नागरिक कलेज अफ हेल्थ साईन्स लि.को आ.व.०८१/०८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।
४.कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. ०८२/०८३ को लागि लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।
५. सञ्चालक समितिको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव**

१. यस कम्पनीको शाखा कार्यालयको ठेगाना परिवर्तन भएको हुँदा प्रवन्ध-पत्र र नियमावलीमा संसोधन गर्ने ।
२) विविध

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**नोटः-** अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय गट्ठाघर,भक्तपुर फोन नं. ०१-५६३९१८४ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

---

## शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
**चाबहिल काठमाडौंको**

### १६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२ भाद्र २७

उपरोक्त सम्बन्धमा यस शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. चाबहिल काठमाडौंको मिति २०८२ साउन २४ गते शनिबार बसेको सञ्चालक समितिको १४२औं बैठकको निर्णय अनुसार तपसिलमा उल्लेखित मिति, स्थान र समयमा देहाय बमोजिमका प्रस्तावहरूमा छलफल गरि निर्णय गर्नको लागि यस संस्थाको १६औं वार्षिक साधारण सभाको आयोजना गरिएको हुँदा उक्त साधारण सभा कार्यक्रममा अनिवार्य उपस्थित भई दिनुहुन सम्पूर्ण शेयर सदस्य ज्यूहरूमा हार्दिक अनुरोध गर्दछौ ।

**छलफलका लागि प्रस्तावहरू :**
१. सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/८२ को वार्षिक लेखा परिक्षण प्रतिवेदन छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८१/८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल गरि पारित गर्ने सम्बन्धमा ।
४. आ.व २०८१/८२ मा संचालक समितिले गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
५. आ.व. २०८२/८३ को लागि लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
६. साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरण गर्न संचालक समिति र शेयर सदस्यहरूको तर्फबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
७. विविध ।

**साधारण सभा कार्यक्रम**
**मितिः २०८२ साल भदौ २८ गते शनिबार**
**स्थानः नवदुर्गा पार्टी भेन्यू, सुकेधारा, काठमाडौं**
**समयः दिनको १:३० बजे**

**संचालक समितिको आज्ञाले**
**तेज नारायण श्रेष्ठ**
**सचिव**

**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं.४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं

---

# Suryagadhi Rural Municipality
## Office of the Rural Municipal Executive
**Bagmati Province Nuwakot, Nepal**

## Invitation for Electronic Bids

**Date of Publication :- 12-08-2025**
**Last Date of Bid Submission: 10-09-2025**
**Single Stage One Envelope Bidding**

1. The Suryagadhi Rural Municipality office Nuwakot invites electronic bids from the eligible bidders for the following works under National Competitive bidding procedures specified in public procurement act and regulations. The name and identification of the contract are as follows.

| S.N. | Contract ID No. | Description of work | Estimate Cost Exclusive of VAT(NRs) | Bid Security NRs. | Bid Document Fee(NRs) |
|---|---|---|---|---|---|
| 1. | SRM/G/ ITPB/082/83/03 | All Interior Items for Newly Constructed Municipality Building of Suryagadhi Rural Municipality | Rs. 44,22,694.46 | 140,000.00 | 3000/- |

2. Bank Details to deposit the fee for Bidding document and Bid security

| Name of Office : | Name of the Bank: | Revenue Account | Rajaswa (revenue) Shirshak no: | Security Account Name and Number: | Office Code Number: |
|---|---|---|---|---|---|
| Suryagadhi Rural Municipality, Nuwakot , Nepal | Nepal Investment Bank Limited. Chokade Branch, Nuwakot, Nepal | Name and Number: Antarik Rajaswo Khata Alc no.: 06801400250061 | 14229 | Dharauti Khata : 06801040251501 | 801032912 |

3. Eligible Bidders may obtain further information at the office of Suryagadhi Rural Municipality, Nuwakot, **Telephone No:-080-680042 Or may visit PPMO e-GP System www.bolpatra.gov. np/egp.**
4. Bidder have only option to submit their bid electronically may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Proj ect's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
5. Bidders must submit rajaswa voucher with Tender number for bid document fee, others alternatives will be rejected.
6. Any minor errors in bid response document will not be acceptable.

**Chief Administrative Officer**

---


## साउदीमा रोजगार

कम्पनी : SAAD ALI AL AYEDH TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/04/१५ LT. No. 328254 चलानी नं. ६०२४२७८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Truck Drivers (C.B.D.) | 2 | 0 | 1900 | ७०,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ३ गते (19th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## युएई/साउदीमा रोजगार

कम्पनी : RANJANA GENERAL CONTRACTING-L.L.C-O.P.C सेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८१/07/२७ पूनः विज्ञापन स्वीकृति मिति : २०८२/04/२६ LT. No. 313493 चलानी नं. ६०२२७८९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician GCC | 2 | 0 | 1200 | ४५,८३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 5 | Rigger (GCC) | 5 | 0 | 1600 | ६१,१११ | | | | | | | |
| 6 | Welders (CS, TIG, MIG, ARC, SS, CN) | 2 | 0 | 1600 | ६१,१११ | | | | | | | |

कम्पनी : OSCAR PAINTS FACTORY

पूर्व स्वीकृति मिति : २०८२/04/२६ LT. No. 328949 चलानी नं. ६०२४२७५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३७,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : DAR NABRAS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/२६ LT. No. 329011 चलानी नं. ६०२४२७८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 10 | 0 | 1000 | ३७,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/२६ LT. No. 329012 चलानी नं. ६०२४२७८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 8 | 0 | 1800 | ६७,१३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ३ गते (19th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

# मध्यपुर थिमिका नगरवासीले रगत नि:शुल्क पाउने

**भादगाउँ (प्रस)–** मध्यपुर थिमि नगरपालिकाले नि:शुल्क रगत वितरणलाई निरन्तरता दिएको छ । नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखासँग सोमबार सम्झौता नवीकरण गर्दै मध्यपुर थिमिले नगरवासीलाई नि:शुल्क रगत तथा रक्ततत्व वितरणलाई निरन्तरता दिएको हो ।

सम्झौतामा मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ र नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखाका सभापति परशुराम पाण्डेले हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार मध्यपुर थिमि नगरवासीले नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखाले सञ्चालन गरेको भक्तपुर रक्तसञ्चार सेवाबाट नि:शुल्करूपमा रगत तथा रक्ततत्व प्राप्त गर्ने छ । रगतका लागि आवश्यक पर्ने दस्तुर रेडक्रसले नगरपालिकासँग सोधभर्ना मागेपछि नगरपालिकाले भुक्तानी दिने सम्झौतामा उल्लेख छ ।

सम्झौताले नगरवासीले कुनै बेला आवश्यक परेको रगत रेडक्रसबाट सहजरूपमा उपलब्ध हुने नगरप्रमुख सुरेन्द्र श्रेष्ठले बताए । उनले बिरामीको जीवन बचाउन आवश्यक रगतसमेत शुल्क तिरेर लिनुपर्ने बाध्यता रहेकाले नगरवासीको सर्वसुलभ र नि:शुल्क रूपमा स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार रक्षाका लागि रेडक्रससँग सम्झौता गरी नि:शुल्क रगत वितरण गरेको बताए ।

मध्यपुर थिमि नगरपालिका र नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखाबीच पहिलोपटक २०७९ साउन ४ गते नि:शुल्क रगत तथा रक्ततत्व प्रदान गर्नेबारे सम्झौता भएको हो । सोही सम्झौतालाई नगरपालिकाले निरन्तरता दिँदै आइरहेको छ ।

मध्यपुर थिमि नगरपालिकाको स्वास्थ्य शाखाका अनुसार सम्झौताको पहिलो वर्ष ७४७ पिन्ट रगत तथा रक्ततत्व नि:शुल्क वितरण गरेको थियो । सोको सात लाख ३२ हजार ९९८ रूपैयाँ रेडक्रसलाई भुक्तानी गरेको स्वास्थ्य शाखाप्रमुख श्रीकृष्ण श्रेष्ठले जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०८०/८१ मा ३६१ जनाले नि:शुल्क रगत तथा रक्ततत्व सेवा लिएका थिए भने आर्थिक वर्ष २०८१/८२ मा ४७९ जनाले ८१४ पिन्ट रगत तथा रक्ततत्व लिएका थिए ।

# ‘आमाको स्वघोषणामा सन्तानलाई नागरिकता’

■ प्रभाव संवाददाता

**काठमाडौं–** गृहमन्त्री रमेश लेखकले आमाको स्वघोषणाले सन्तानलाई नागरिकता उपलब्ध गराउने मूल ध्येयका साथ नागरिकतासम्बन्धी कानुनलाई संशोधन अघि बढाइएको बताएका छन् । सोमबार राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा नेपाल नागरिकता विधेयक २०८१ मा सैद्धान्तिक छलफलका क्रममा गृहमन्त्री लेखकले सन्तानको आमा नै पहिलो संरक्षक हुने गरेको बताउँदै आमालाई नै जिम्मेवार बनाइएको जानकारी दिए ।

‘सन्तानको पहिलो संरक्षक आमा नै हुन् । आमाले यो मेरो सन्तान हो । त्यसको बुबाको पत्ता छैन अथवा म ल्याउन सक्दैन भनेर भनेको अवस्थामा आमाले स्वघोषणा गरेको अवस्थामा त्यसको सन्तानलाई नागरिकता उपलब्ध गराउने मूल ध्येय छ,’ गृहमन्त्री लेखकले भने, ‘यसले आमा/महिलाको मात्रै हक स्थापित गरेको होइन । संविधानको सीमारेखाभित्र महिलाको हकलाई पूर्णस्थापित गर्ने उद्देश्य पनि हो । सन्तानको पनि हक सुरक्षित गरिएको छ ।’ उनले आमाको स्वघोषणा गलत सिद्ध भएमा नागरिकताका बारेमा प्रश्न गर्ने र सजायको व्यवस्थासमेत गरिएको बताए । नागरिकता नहुँदा धेरै बालबालिकाहरूले अध्ययन/वृद्धिविकासमा समस्या भएको उनको भनाइ छ ।



त्यसैगरी, अंगीकृत नेपाली नागरिकता प्राप्तिसम्बन्धी व्यवस्थामा बाबुका आधारमा विदेशको नागरिकता नलिएको भन्ने नागरिकता प्राप्त गर्ने व्यक्तिलेमात्र स्वघोषणा गर्ने व्यवस्था भएकामा निजको आमालेसमेत स्वघोषणा गर्नुपर्ने व्यवस्था गरिएको मन्त्री लेखकले जानकारी दिए ।

‘बुबाको मृत्यु भएको, जीवित रहँदा पनि नागरिकता प्राप्तिमा सहयोग नगरेमा तथा अर्को विवाह गरेर गएको अवस्थामा सन्तानलाई आमाकै नामबाट नागरिकता दिने व्यवस्था विधेयकमा राखिएको छ,’ लेखकले भने, ‘आमाको नामबाट नागरिकता पाउने कुरालाई हामीले अहिले सरलीकृत गरेका छौं ।’

आमाका नामबाट नागरिकता उपलब्ध गराउने विषयमा सर्वोच्च अदालतबाट सरकारलाई निर्देशनात्मक आदेशसमेत भएको अवस्थामा विधेयक अगाडि बढाएको मन्त्री लेखकको भनाइ थियो ।


## साउदीमा रोजगार

कम्पनी : FIRST SEASONS TOURISM COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 328687 | चलानी नं. ६०२४२७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel House Keeper | 5 | 0 | 1100 | ४१,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 2 | 0 | 1300 | ४८,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३ देखि ६ गते (19-22 Aug. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 771/065/066

**ASMITA INTERNATIONAL OVERSEAS P. LTD.**

Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547

E-mail : asmitainternational2013@gmail.com



## मलेसियामा रोजगार

कम्पनी : GUARDIAN HEALTH AND BEAUTY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 328951 | चलानी नं. ६०२४२७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 200 | 0 | 1700 | ५६,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २ देखि ५ गते (18/19/20/21 Aug. 2025) सम्म हुनेछ ।
फाइनल अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ६ देखि ८ गते (22/23/24 Aug. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**

Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



## ओमनमा रोजगार

कम्पनी : AL ADRAK TRADING AND CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/०७ | पूनः विज्ञापन स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 322138 | चलानी नं. ६०२२३६६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asphalt Roofing Worker | 5 | 0 | 120 | ३४,७८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Painter Assistant | 11 | 0 | 120 | ३४,७८३ | | | | | | | |
| 3 | G. Maintenance Mechanic | 5 | 0 | 120 | ३४,७८३ | | | | | | | |
| 4 | Pipe Fitter General | 10 | 0 | 120 | ३४,७८३ | | | | | | | |
| 5 | Scaffolding Installation Worker | 20 | 0 | 120 | ३४,७८३ | | | | | | | |
| 6 | Wiring Electrician Assistant | 18 | 0 | 120 | ३४,७८३ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान र मिति:
Dhanusha, Janakpur Sub-metropolitian City, Ram Janaki Training Center मा मिति: २०८२ भदौ ३ गते (19th Aug 2025) मा हुनेछ ।
Rupandehi, Butwal Sub-metropolitian City, Butwal Multiple Training Center pvt. Ltd. मा मिति: २०८२ भदौ ४ गते (20th Aug 2025) मा हुनेछ ।
Banke, Nepalgunj Sub-metropolitian City, Nepalgunj oshoTraining Center मा मिति: २०८२ २०८२ भदौ ५ गते (21th Aug 2025) मा हुनेछ ।
Kathmandu, Kathmandu Metropolitian City, World Net Technical Trade Center मा मिति: २०८२ भदौ ६ गते (22th Aug 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Hit Overseas Employment Pvt.Ltd.**

Basundhara, Kathmandu, Nepal Tel: +977- 01-4359147, 4357454, 98510 56401

E-mail : bhubanpun@gmail.com

श्रम इजाजत नं. १३७/०५५/०५६



## युएई/साउदीमा रोजगार

कम्पनी : RANJANA GENERAL CONTRACTING-L.L.C-O.P.C | सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०७/२७ | पूनः विज्ञापन स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 313493 | चलानी नं. ६०२२७८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician GCC | 2 | 0 | 1200 | ४५,८३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 5 | Rigger (GCC) | 5 | 0 | 1600 | ६१,१११ | | | | | | | |
| 6 | Welders (CS, TIG, MIG, ARC, SS, CN) | 2 | 0 | 1600 | ६१,१११ | | | | | | | |

कम्पनी : OSCAR PAINTS FACTORY

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 328949 | चलानी नं. ६०२४२७५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३७,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DAR NABRAS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 329011 | चलानी नं. ६०२४२७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 10 | 0 | 1000 | ३७,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 329012 | चलानी नं. ६०२४२७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 8 | 0 | 1800 | ६७,१३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३ गते (19th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**

Ratopul, Gaushala-7, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

श्रम इजाजत नं. १३०५/०७४/०७५



## साउदीमा रोजगार

कम्पनी : AFDAL TAREEQAH TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 328878 | चलानी नं. ६०२४२७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 2 | 0 | 1200 | ४४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३ गते (19th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP

**Raj Group Of Company Pvt.Ltd.**

Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com


# कमला नदीको पुल १४ वर्षमा पनि अधुरै

**सिरहा–** सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीको पक्की पुल १४ वर्षदेखि अधुरै छ । वि.सं. २०६८ मा तीन वर्षमै सम्पन्न गर्ने लक्ष्यसहित सुरु गरिएको ४६९ मिटर लामो पुल अहिलेसम्म निर्माण सम्पन्न नहुँदा स्थानीयवासी बर्सेनि सास्ती भोग्न बाध्य छन् ।

पुल नबन्दा स्थानीयले अस्थायीरूपमा बनाइएको बाँस वा काठको पुलमार्फत जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ । यही साउनको तेस्रो हप्तामा आएको बाढीले बाँसको अस्थायी पुल बगाएपछि आवतजावत ठप्प भएको थियो । हाल पुनः काठको संरचना बनाएर आवतजावत केही सहज बनाइएको भए पनि जोखिम यथावत् छ ।

सिरहा-६ का प्रवीण यादव भन्छन्, ‘पुल नबन्दा हामी वर्षौंदेखि सास्ती भोग्दै आएका छौं । अहिले बनाइएको काठे संरचना जोखिमपूर्ण छ, तर त्यही बाटो भएर हामी हिँड्न बाध्य छौं । मोटरसाइकलसहित यात्रा गर्दा झन् डर लाग्छ, तर विकल्प छैन । त्यसमा पनि यात्रुहरूमाथि मनपरि शुल्क असुली भइरहेको छ ।’ नगरपालिकाले नि:शुल्क सञ्चालनको दाबी गरे पनि ५० रूपैयाँसम्म तिर्नुपरेको उनको भनाइ छ ।

उनले भने, ‘पहिले ठेक्का सम्झौताअनुसार २० रूपैयाँ लिइन्थ्यो, अहिले त्यो पनि हटेको भनिएता पनि व्यवहारमा शुल्क झनै बढेको छ । जनतामाथि दोहोरो भार परेको छ एकातिर जोखिमपूर्ण यात्रा, अर्कातिर अनियमित शुल्क असुली ।’ पुल निर्माणको जिम्मा पहिले पप्पु-लुम्बिनी जेभीलाई दिइएको थियो । पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनी बिल्डर्सले गर्दै आएको हो । तर बाढीले दुई पाया भासिएपछि आवश्यक मर्मतका लागि आठ करोडको बिमा रकम नपाएको कारण देखाउँदै कम्पनीले पछिल्लो एक महिनादेखि काम रोकिदिएको छ ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरका सूचना अधिकारी इञ्जिनियर रञ्जितकुमार रायका अनुसार निर्माण कम्पनीले तोकिएको म्यादमै काम रोकेकाले ठेक्का तोडेर लुम्बिनी बिल्डर्सलाई पनि कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाइएको छ । *रासस*


## केरावारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### केरावारी, मोरङ, कोशी प्रदेश, नेपाल

**गाउँपालिकाद्वारा गाउँबासीहरूलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**

**स्वास्थ्य सम्बन्धी गाउँपालिका बासीमा सचेतना**

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरू**

क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।**

क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**

क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।**

क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।










## गैर बैकिङ्ग सम्पत्ति लिलाम बिक्रि सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०४/२७ गते)

यस बैंकको नाममा रहेको तपशिलको गैर बैकिङ्ग सम्पत्ति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा विक्री गरिने भएको हुँदा खरिद गरी लिन इच्छुक व्यक्ति वा संघ/संस्थाले यो सुचना प्रकाशित मितिले १५ दिन भित्र यस बैंकको शाखा कार्यालय चावहिलमा आईपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.वि.स | वडा नं./सिट नं. | कित्ता नं. | क्षेत्रफल/व.मी. | कैफियत |
|---|---|---|---|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | भक्तपुर | कटुन्जे | ६ / ६ग | ८३७ | ०-०-३-३ | सो जग्गा, सो जग्गामा बनेको भवन र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत |
| | | | ६ / ६ग | १०६५ | ०-५-०-० | |
| | | | ६ / ६ग | १०६६ | ०-५-०-० | |
| | | | ६ / ६ग | १०६३ | ०-९-१-० | |
| | | | ६ / ६ग | १०६४ | ०-९-१-० | |

**गैर बैकिङ्ग सम्पत्ति लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरु बाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा माथि उल्लेखित सम्पूर्ण अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा Kumari Bank LTD पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.००१०००१४८६६०००01 मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै चावहिल शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बैंकको केन्द्रिय कार्यालय वा शाखा कार्यालय चावहिलमा बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिने छ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको केन्द्रिय कार्यालय पुल्चोकमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ ।

(१०) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(११) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**

केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# क्षेत्राधिकार बिर्सिंदै सरकार

सत्तारुढ दलभित्रै आलोचनामा परेको विधेयक हो भूमि विधेयक । अध्यादेशबाट ल्याउन लागिएको यो विधेयक राष्ट्रिय सभामा सरकारको बहुमत नपुगेसँगै रोकिएको थियो । उपेन्द्र यादवको दलले 'ग्रिन सिग्नल' नदिएपछि सरकार हच्किएर फिर्ता भएको विधेयक प्रतिनिधिसभाबाट प्रक्रियामै पारित हुन लागेको थियो ।

यद्यपि, अहिले प्रधानमन्त्री केपी शर्मा ओली छन् । 'गिरिबन्धु टी स्टेट प्रकरण'मा ओलीको नाम पनि जोडिँदै आएको छ । यस प्रकरणमा सबैभन्दा चर्को आवाज उठाउने सत्तारुढ दलकै महामन्त्री विश्वप्रकाश शर्मा हुन् । प्रतिनिधिसभाबाट पारित हुन लागेको यो विधेयकमा उनै शर्माको अगुवाइमा विरोध सुरु भयो । त्यसपछि फेरि हच्किए भूमि व्यवस्थामन्त्री बलराम अधिकारी । र, पुनः संसदीय समितिमा फर्काइएको विधेयकमा मन्त्रालयले नै गडबडी गरेको पाइएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकको प्रावधानमा हेरफेर गरेको पाइएको हो ।

भूमिसम्बन्धी प्रचलित ऐनको दफा १२ छ को शीर्षकमा 'स्वीकृत गराउनुपर्ने' भन्ने छ । मन्त्रालयले तयार गरेको प्रतिवेदनको मस्यौदामा भने 'स्वीकृत प्रतिवेदन पेस गर्नुपर्ने' भनिएको छ । यसैगरी प्रचलित ऐनको दफा १२ छ मा 'हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमति प्राप्त गर्नुअघि कुनै सार्वजनिक संस्था, उद्योग, कम्पनी, प्रतिष्ठान, शैक्षिक संस्था, आयोजना वा संघ संस्थाले जग्गा उपयोगसम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) र वातावरणीय अध्ययन प्रतिवेदन (इआइए) तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराउनुपर्ने छ' भन्ने उल्लेख थियो ।

संशोधन गर्न बनेको विधेयकमा सोही प्रावधानलाई पनि लामो र भद्दा बनाइएको छ । यसअघि यो व्यवस्थालाई हटाएर सरकारले यही दफामा घरजग्गा व्यवसायको जग्गा बिक्रीसम्बन्धी व्यवस्था राख्नेगरी विधेयक ल्याएको थियो । यसले नै सरकारको नियत सफा देखिँदैन । एकातिर गिरिबन्धु टी स्टेटमा हदबन्दी छुटको सुविधा लिएर सट्टपट्ट गर्नु । अर्को विषय यही विषयमा प्रधानमन्त्री ओलीको नाम जोडिनु । यही विषयको विरोध गर्दै आएका सांसद शर्माले संशोधनको माग गर्दै समितिमा विधेयक फर्काउँदा पनि मन्त्रालयबाटै चलखेलको प्रयास हुनु ।

यी विषयले भूमिसम्बन्धी विधेयकमा सरकारमाथि थप शंका उब्जाएको छ । पछिल्ला दिनमा विधेयकमा गडबढी बढ्दो छ । यसले पनि सरकारले कतै आफ्नो क्षेत्राधिकार बिर्सिएको त होइन भन्ने प्रश्न र शंकालाई थप मलजल गरेको छ । संसदीय समिति र विज्ञको कुरा नसुन्ने, संसद्को क्षेत्राधिकारमा हस्तक्षेप गर्न खोज्ने कार्य गम्भीर चुनौतीको विषय हो । कर्मचारी र प्रशासनले नै तयार पार्ने हो भने कानुन बनाउने संसद्को के काम ? यस विषयलाई संसद्ले गम्भीरताका साथ लिओस् ।

# राष्ट्रिय समृद्धिका लागि युवा



■ मनोहर कार्की

> युवा नीति तथा कार्यक्रम युवाहरूमा विकराल समस्याका रूपमा रहेका लागुपदार्थ दुर्व्यसन, बेरोजगारीलगायतको सम्बोधन र यस्ता समस्या समाधानको दिशामा परिलक्षित हुनुपर्दछ।विद्यालयस्तरदेखि नै खेलकुद तथा स्वस्थ मनोरञ्जन र नवीन सिर्जनात्मक कार्यमा लगाउने दिशामा सम्बन्धित निकायको ध्यान पुग्नुपर्दछ । युवालाई विकास तथा सिर्जनाका क्षेत्रमा समाहित गराउने दिशामा युवा तथा खेलकुद मन्त्रालय तथा अन्य सरोकारवाला निकायको ध्यान पुग्नुपर्दछ ।

विश्व मानचित्रमा विशाल छिमेकी मुलुक भारत तथा चीनको बीचमा अवस्थित सानो भूपरिवेष्ठित मुलुक हो । रूपान्तरणका समयक्रममा अल्पविकसित राष्ट्र समूहबाट विकासोन्मुख मुलुकतर्फ अग्रगमन गर्ने प्रयास गरी आएको मुलुक हो । हालै किर्गिस्तानको अवाजा सहरमा सम्पन्न भूपरिवेष्ठित विकासोन्मुख राष्ट्रको संयुक्त राष्ट्रसंघीय तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरे । उनले उक्त सम्मेलनलाई सम्बोधन गर्दै नेपालजस्ता भूपरिवेष्ठित राष्ट्र समूहको हित प्रवर्द्धन तथा अधिकार संस्थापनको दिशामा साझा प्रयासका विविध पक्षमा विश्वमञ्चको ध्यानाकर्षण गरे । उनले सीमित बजार पहुँच, न्यून वैदेशिक लगानी तथा जलवायु परिवर्तनका प्रतिकूल प्रभावका बारेमा ध्यानाकर्षण गराए । आगामी सन् २०२६ मा नेपाल अल्पविकसित राष्ट्रबाट विकासशीलमा स्तरोन्नति हुँदै छ । यसका लागि नेपालले गरेका बहुआयामिक प्रयासका बारेसमेत प्रधानमन्त्री ओलीले जानकारी गराए ।

विश्वको दोस्रो आर्थिक शक्ति चीन तथा उदाउँदो ठूलो अर्थतन्त्रको निकट छिमेकी मुलुक भारतबाट लाभ लिनसक्ने मुलुक हो, नेपाल । विकास अभियानमा ऊर्जाशील युवा जनशक्तिको भरपुर उपयोग र रूपान्तरणमा युवाको आवश्यकताबोध गरी तत्जनित नीति तथा कार्यक्रमको कार्यान्वयन प्राथमिकता हुनुपर्छ ।

## विश्वमञ्च र युवा

युवाका आयामिकता र विषयलाई सम्बोधन गर्ने गरी सन् १९९९ देखि हरेक वर्षको अगस्ट १२ मा अन्तर्राष्ट्रिय युवा दिवस संयुक्त राष्ट्रसंघले सुरु गरेपश्चात् नेपालमा पनि सरकारीस्तरमा वि.सं. २०७३ देखि औपचारिकरूपमा यो दिवस युवालक्षित विविध कार्यक्रम गरी मनाइँदै आइएको छ । विद्यमान युवा नीतिमा निकै हदसम्म युवा विकास तथा रोजगारमूलक जनशक्तिलाई स्वदेशमा उपयोग गर्ने दिशामा राम्रा तथा सारभूत कार्यक्रमलाई कार्यान्वयन गर्न सकिएको खण्डमा रोजगार, सीप आर्जन तथा अध्ययनका लागि बर्सेनि हजारौं युवा विदेश जाने, युवा जनशक्ति पलायन हुने कथा व्यथालाई निरुत्साहित गर्न सकिन्थ्यो ।

अन्तर्राष्ट्रिय परिवेशमा युवाको पहिचान र राष्ट्र निर्माणको अभियानमा युवाको योगदानलाई विश्वमञ्चले विशेष प्राथमिकतामा राखेको छ । युवावर्गको विकास, तिनका सीप र ज्ञान तथा नवीनतम् प्रविधिमैत्री कार्यक्षमताको यथोचित् उपयोग गर्न सकौं । नवनिर्माण अभियानलाई प्राथमिकतामा राखी समृद्धिको ढोका खोल्नुपर्दछ । युवा वर्गको विकास र उनीहरूमा अन्तरनिहीत कार्यक्षमताको अधिकतम उपयोग गर्ने वातावरण निर्माण गनुपर्छ । शान्तिपूर्ण विश्व निर्माणमा सकल युवा वर्ग लक्षित कार्यक्रमको समन्वयात्मक र प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो । नेपालले पनि अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धता र मुलुकको विकासमा युवाको भूमिकालाई मध्येनजर राखी कार्य वातावरण संस्थागतरूपमा राष्ट्रिय युवा परिषद् तथा समान प्रकृतिका संस्थाको नेतृत्वको प्रयास गरेको छ । यद्यपि, त्यसको प्रभावकारिता र विकासको मूलप्रवाहमा युवालाई समाहित गर्ने अभियानतर्फ अझ धेरै काम गर्नुपर्ने छ ।

विश्वमा आ-आफ्नो देश, काल परिस्थितिअनुसार युवाका आवश्यकता तथा समस्याहरू रहेका छन् । विकसित देश र अतिकम विकसित तथा विकासोन्मुख विश्वका एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकी देशका युवाहरूको आवश्यकताको पहिचान र क्षेत्रगत समस्यालाई सम्बोधन गर्ने दिशामा संयुक्त राष्ट्रसंघलगायतका निकायको प्रयासमा सम्बन्धित देशले युवा विकास तथा युवा परिचालनसम्बन्धी स्पष्ट नीतिगत कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयनमा विलम्ब गर्नु हुँदैन । साझा प्रयास र प्रतिबद्धता आजको आवश्यकता हो । भोलिको सुन्दर भविष्यको कोरा कल्पनामा मात्र हामीले हाम्रो शक्ति र ऊर्जा खर्च गर्ने समय छैन । परिवर्तन र रूपान्तरणका दिशामा ठोस कार्यको निरन्तरता चाहिन्छ । विकास र रूपान्तरणमा राष्ट्रिय नीति तथा युवालक्षित कार्यक्रममा सबै क्षेत्र र वर्गको साझा सोच, चिन्तन र दिशाबोध उजागर हुनु सान्दर्भिक देखिन्छ ।

## नेपाली युवाको अवस्था

२१औं शताब्दीको चुनौती समाना गर्न सक्ने युवा जनशक्ति हाम्रो अनिवार्यता हो । युवा वर्गको योगदानको मनन गरी सरकारीस्तरमा नै युवा तथा खेलकुद मन्त्रालयको अगुवाइमा विगतका वर्षहरूदेखि नै युवालक्षित कार्यक्रमहरू अघि नबढेका होइनन् । तर, विकासको मेरुदण्ड युवाहरूको समयानुकूल विकास र उनीहरूको सीप, शिक्षा तथा ज्ञानको भरपुर उपयोगको वातावरण बनाउन सकिएको छैन । सरकारी निकायले कार्यक्रम तथा नीतिगत योजनामा युवालक्षित कार्यक्रमलाई यथोचित् बजेट विनियोजन, रोजगारीका अवसरको सिर्जना तथा स्वावलम्बी र उद्यमशील युवा जनशक्ति निर्माण गर्ने कार्यले निरन्तरता पाउन सकेको खण्डमा समृद्ध नेपालको सपना पूरा गर्न सकिन्छ ।

नवप्रवर्तनकारी, सिर्जनात्मक सोच, उद्यमशील कर्मजीवी युवा जमातलाई मुलुक निर्माणको अभियानमा अघि बढाऔं । समृद्धि तथा रचनात्मक चिन्तन, भविष्यद्रष्टा ऊर्जावान् युवाको कार्य वातावरण र निर्माणात्मक अवधारणा बोकेका युवाका सीप र जाँगरको मुलुक निर्माण महाअभियानमा समाहित ध्येय हुनुपर्छ । इमान्दार, कर्मशील तथा माटोलाई आत्मसात् गर्ने युवाशक्तिको परिचालन र नवनिर्माणको अभियानको संस्थागत विकास खोजेको छ । फितलो प्रवृत्ति र कार्य वातावरणले मुलुक उँभो लाग्दैन । युवालाई दायित्वबोध गर्ने वातावरण राज्यले निर्माण गरिदियोस् ।

## उत्प्रेरणा

युवा तथा खेलकुद मन्त्रालयले विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने युवा प्रतिभालाई सम्मान गर्ने परम्परा छ । राष्ट्रिय युवा प्रतिभा कार्यविधि २०७२ अनुसार उत्कृष्ट युवाहरूलाई सम्मान गरिन्छ । विशेषतः शिक्षा, विज्ञान तथा प्रविधि, उद्यमशीलता, सूचना प्रविधि तथा सञ्चार, कृषि, कला तथा संस्कृति, समाजसेवा, साहित्य सिर्जना तथा सामाजिक रूपान्तरणका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने युवा प्रतिभाहरूको सम्मान गर्ने परम्पराले भोलिका युवाहरूमा कर्मशील ऊर्जा र हौसला प्रदान गर्ने छ । शिक्षित युवालाई लक्षित गरी ल्याइएको युवा स्वरोजगार कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयनमा सम्बन्धित निकायको ध्यान जाओस् । युवा उद्यमशीलता विकास तथा स्वदेशमा केही गर्ने युवाको उदाहरणीय जमात तयार गर्ने दिशामा युवा स्वरोजगार कार्यक्रम लक्षित गरिनु पर्छ । फलतः एक हदसम्म रोजगारीका लागि खाडीलगायतका मुलुकहरूमा ओइरिने नेपाली युवाको चापलाई निश्चय नै कम गर्न सकिन्छ ।

## युवा नीति तथा आयामिकता

युवा नीति तथा कार्यक्रम युवाहरूमा विकराल समस्याका रूपमा रहेका लागुपदार्थ दुर्व्यसन, बेरोजगारीलगायतको सम्बोधन र यस्ता समस्या समाधानको दिशामा परिलक्षित हुनुपर्दछ । विद्यालयस्तरदेखि नै खेलकुद तथा स्वस्थ मनोरञ्जन र नवीन सिर्जनात्मक कार्यमा लगाउने दिशामा सम्बन्धित निकायको ध्यान पुग्नुपर्दछ । युवालाई विकास तथा सिर्जनाका क्षेत्रमा समाहित गराउने दिशामा युवा तथा खेलकुद मन्त्रालय तथा अन्य सरोकारवाला निकायको ध्यान पुग्नुपर्दछ । युवामैत्री वातावरण बनाउने कार्यलाई प्रभावकारी बनाउनुपर्ने अहिलेको आवश्यकता हो ।

खेलकुद र युवा पर्यायवाची हुन् । खेलकुदले युवाको शारीरिक, मानसिक, मनोवैज्ञानिक तथा चारित्रिक विकासमा बहुआयामिक योगदान पुऱ्याउँदै आएको छ । युवालाई खेल र जीवनप्रति सधैं सँगसँगै बढाउने पद्धतिलाई प्रवर्द्धन गरिनुपर्छ । खेलकुदले युवालाई सकारात्मक र निर्माणात्मक सोच र चिन्तनको विकास गर्छ । अनुशासित र कार्यप्रति निष्ठावान् बनाउँछ । अबको चिन्तन र नीति व्यावसायिक कौशलयुक्त तथा क्षमतावान् खेलाडी उत्पादन पनि हो । जसले गर्दा वर्तमान विश्व खेलमञ्चमा प्रतिस्पर्धी र अब्बल क्षमतायुक्त खेलाडी हामीले चाहेका छौं, विश्व खेल जगतले चाहेको छ । विकास र परिवर्तनको सकारात्मक सोच र चिन्तन भएको नीति निर्माता र अभियन्ता हामीले चाहेका छौं । युवा र खेलकुदको भविष्य उज्ज्वल बनाउन सबैले आफ्नो दायित्वबोध गरौं ।

## रोजगारीको वातावरण

अहिलेको मुख्य समस्या युवाहरूका लागि रोजगार तथा उनीहरूले आर्जन गरेका सीप र ज्ञानको यथोचित उपयोग नहुनु नै हो । नेपालका युवाहरू रोजगारीका लागि बर्सेनि हजारौंको संख्यामा विभिन्न मुलुकमा रोजगारीका लागि गइरहेका छन् । पछिल्लो समयमा पूर्वी युरोपका देशहरू पनि आकर्षणको गन्तव्य बन्दै गएका छन् । मानव बेचबिखन तथा ओसारपसारको समस्याले नेपाली समाज गाँजिएको छ । नेपाली युवाको रोजगारीको ग्यारेण्टी, तलब र ज्यालाको न्यायोचित व्यवस्थापन, सुरक्षाको प्रत्याभूति र कार्यस्थलमा दुर्घटना भएमा यथोचित् उपचारको व्यवस्थाका लागि सम्बन्धित निकायले जुन तदारुकताका साथ कार्य गर्नु पर्दथ्यो त्यसअनुसार नभएको व्यापक गुनासो छ । वैदेशिक रोजगारीका लागि गन्तव्य मुलुक पुगेका युवाको दैनन्दिन अकाल मृत्युवरणका पाटाका कारुणिक दृश्य शवपेटिकाहरू कहिलेसम्म साक्षी बन्ने ? हाम्रो दृष्टि त्यता पनि जान सकोस् ।

युवा परिवर्तनका सम्वाहक हुन् । प्रवर्द्धनकर्मी नेपाली युवाले अझ धेरै गर्नुपर्ने समय आएको छ । राष्ट्र परिवर्तनको मूलधारमा ल्याउने दिशामा युवालाई श्रमजीवी र क्रियाशील बनाउन सकिन्छ । स्पष्ट कार्ययोजना तथा युवालक्षित कार्यक्रमको योजनाबद्ध कार्यान्वयनमा समान दायित्वबोध हुनुपर्दछ । हाम्रा साझा चिन्तन र मनन परिलक्षित हुनुपर्दछ ।

### श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिंदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।






✍ बैकुण्ठ भण्डारी

# भाग युवा हो भाग !

*'जाग लम्क चम्क हे नौ जवान हो,*
*आफ्नै रंगले नयाँ ढंगले*
*देश सिँगार्न यो...'*

रत्न शमशेरले लेखेका यी शब्दहरू अहिलेको परिस्थितिसँग ठ्याक्कै उल्टो भएको छ । उसबेला देश सिँगार्न युवाहरूलाई 'जाग लम्क' भन्ने रत्न शमशेर हामीमाझ नभए पनि उनले लेखेका शब्द कालजयी नै भएको छ । 'जाग लम्क चम्क' होइन अहिले त 'भाग ! भाग !' युवाहरू देश बनाउनलाई भन्नुपर्ने भएको छ ।

बिहान ४:०० बजे भाले बास्न थालेदेखि मध्यराति ११:५५ बजेसम्म पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा युवाहरू पलायनको बाटो रोजिरहेका छन् । आफ्नो भविष्य देशमा छैन भन्दै यहीँ केही गर्नका लागि जाग्नेभन्दा पनि भाग्नेहरूको संख्या दिन दुईगुना रात चौगुना बढेको छ ।

लेखक दाइहरूले त भिजिट भिसा नै दिएर मध्यरात 'भाग केटा हो भाग' भन्नुभएको आरोप कहाँ सेलाएको छ र ? माकु दाइले 'विना ढेवा' विदेश पठाउने कुरा गर्नु र राष्ट्रिय भाउजुले वैदेशिक रोजगारीका लागि पहल गर्नेछु भन्ने चुनावी भाषणले नै केटाहरूलाई भाग्न नै उत्प्रेरित गरिरहेको देख्न सकिन्छ ।

हरेक आँगनबाट कोही न कोही सुटकेश बोकेर निस्किरहेको छ । विद्वान छ, लायक तर पनि उसलाई बस्ने वातावरण नै छैन भन्ने भाष्य उनको अभिभावकले गरिररहेका छन् । अनि उसका अभिभावकलाई चलाउनेहरू पनि पाँचतारेजस्तै लाग्न कलेजले डस्नु डसेको छ । उसैलाई थाहा छैन यत्रो खर्च गरेर गर्नेचाहिँ के हो ?

पढेको छ, बुद्धिमानी छ । इमान्दारिताको त कुरै नगरौं । सबैलाई उत्तिकै प्रेमका साथ बोलचाल गर्न पनि नहुने भएको छ । त्यसैले पनि होला भाग केटा हो भाग भन्दै सरकार युवाहरूलाई भगाइरहेको छ । कक्षा १२ सकिन पाएको छैन बाउआमालाई घरजग्गा धितो राख्न हतारो छ । किनकि केटाकेटीलाई हवाईजहाज चढाइहाल्नु छ ।

श्रम मन्त्रालय छ । वैदेशिक रोजगार बोर्ड छ । म्यानपावर कम्पनी र तिनका संघ पनि छन् । त्यत्तिमात्र कहाँ हो र शैक्षिक परामर्श संघ पनि छ । नाममात्र फरक हुन् । उद्देश्य सबैको एउटै छ । जतिसक्दो धेरै युवायुवतीलाई विदेश पठाउनु छ । यता रातारात नवधनाढ्य पनि बन्नु छ । त्यसैले त सबैको एकै स्वर छ, 'भाग केटो हो भाग' ।

सामाजिक सञ्चालनमा एआईको प्रयोग गरेको एउटा बालक सुटकेस घिसार्दै एयरपोर्ट पुगेको दृश्य निकै नै मर्मस्पर्शी छ । त्यहाँ एक सञ्चारकर्मीले प्रश्न गर्छन्- यति सानो उमेरमा नै विदेश जान लाग्नु भए ? उता बालकले उत्तर दिन्छन् । हो नि, जानु त छँदै छ, उमेर ढल्केपछि जाँदा आमाको काखले, बाबुको मायाले धान्न सक्दैन कि भनेर अहिले नै जान लागेको छु ।

कोही पढ्न भनेर जान्छन्, कोही रोजगारीका लागि जानुपर्ने बाध्यता देखिएको छ । कसैलाई भ्रमण आदेश लिएर उतै लुक्नु छ । नलुकेर पनि के गर्ने । पढाइअनुसारको जागिर पाइएन, बलअनुसारको काम पाइएन । जागिर दिन सरकारसँग कारखाना छैन । उत्पादन गर्नका लागि उद्योग पनि छैन । उद्योग छ त केवल राजनीति गर्ने, जयजयकार मनाउने । यो वाद र त्यो बाद जिन्दावाद भन्ने । त्यही भएर पनि हो, भाग केटा हो भाग । सकेसम्म जतिसक्दो चाँडो भाग । युवाहरू त यो देशमा बस्ने नै होइन ।

रत्न शमशेरले लेखेको जस्तो न जाग्न सक्छौं न लम्कन सक्छौं न त चम्कन नै । यो देश बनाउने जिम्मेवारी तिमीहरूको काँधमा दिनै हुन्न त्यही भएर भाग केटा हो । भुर्र्र चरी उडेजस्तै देश छाडेर भाग ।

काम गर्नका लागि भएका उद्योग बन्द छन् । उत्पादन गर्नका लागि अनुसन्धान चाहिन्छ । यहाँ त अनुसन्धान राजनीति गर्नका लागिमात्र पाइन्छ । हजुरबाहरूले देश सिँगार्लान् ।

तिमी युवाहरूले त बिगार्नेमात्र हौ, त्यही भएर पनि यो देश छोडिहाल ! पढ्न जान्छु भनेर जान्छौं कि काम गर्न जान्छु भनेर जान्छौं । वा यसो घुमेर आउँछु भनेर गए पनि जाऊँ तर फर्केर नआऊ ! जाऊ केटा हो जाऊ देश छाडेर जाऊ ।

तिमी जन्मनुअघि पनि हामीले देश चलाइएका थियौं । तिमीले हाम्रा लागि जिन्दावादको नारा लगायौं, तोडफोड गरेर हामीलाई सत्तामा पुऱ्यायौं अब तिमीहरूको कामै छैन । फेरि पनि हामीले नै देश हाँक्छौं । तिम्रा बा हजुरबालाई पनि हामीले शासन गरेका थियौं ! तिम्रा बालाई पनि हामीले नै शासन गऱ्यौं अब तिमीहरूलाई पनि हामीले नै शासन गर्ने छौं । त्यही भएर जाऊ युवा हो जाऊ । तिमीलाई जहाँ सजिलो लाग्छ त्यही जाऊ सकेसम्म स्वदेश नफर्कनेगरी जायजेथा बेच्न लगाएर पनि जाऊ ।

तिम्रा हजुरबाका पालामा पढ्न लेख्न पाइन्नथ्यो । हामीले जे भन्यो त्यही हुन्थ्यो । बाको पालामा पढ्न थाले अनि हामीले जे भन्यो त्यही मान्थे र पो अहिलेसम्म शासनसत्ता चलाउन पाइएको छ । अब तिमीहरू यहाँ बस्यौं भने त तिमीहरूले नै शासनसत्ता चलाउँछु भन्छौं अनि त हामी बेरोजगार हुन्छौं । सरकारी ढुकुटीमा मस्त गर्न पाइँदैन । त्यसैले तिमीहरू युवा छौं । लायक छौं त्यसैले पनि भाग केटा हो भाग । देश छाडेर भाग । सकेसम्म उताबाट यता नफर्कनेगरी भाग । बा आमाका लागि भन्दै रेमिटचान्स पठाउन नछाड । हामी बर्सेनि तिमीहरूको सम्झनामा युवा दिवस मनाइदिउँला । विदेशीको सहयोग गराइदिउँला । बोल्नेको पिठो बिक्छ त्यसैले त हामी सत्ता र शक्तिविना बाँच्न पनि सक्दैनौं । शक्तिशाली राष्ट्रले जे भन्छ त्यही मान्छौं । युवा रहे न त राजनीति गर्न पाइन्छ । न त देशको ढुकुटी चलाउन पाइन्छ ।

तिमीहरू टाठा छौ, हामीभन्दा बाठा छौ त्यसैले पनि हामीतिर हेर्दै नहेर । जतिसक्दो चाँडो भाग केटा हो भाग । देश बनाउने भन्दै सात समुद्रपारि नै लाग । जय भागशान्ति !!



**जल चढाउँदै भक्तजन** | दाङको घोराही उपमहानगरपालिका–५ स्थित पाण्डवेश्वर महादेव धाम, धारापानी परिसरमा रहेका १०८ शिवलिंगमा साउन महिनाको अन्तिम सोमबार जल अर्पण गर्दै भक्तजनहरू । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# गण्डकी प्रदेशमा सात निर्देशनालय र दुई केन्द्र खारेज

## १८५ कर्मचारी दरबन्दी घटाइयो

■ **प्रभाव संवाददाता**



**गण्डकी–** गण्डकी प्रदेश सरकारले प्रदेशमा रहेका विभिन्न सातवटा निर्देशनालय र दुईवटा केन्द्र खारेजसँगै १८५ कर्मचारी दरबन्दी घटाउने निर्णय गरेको छ । प्रदेश सरकारको सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेशको विद्यमान खर्च कटौतीसँगै प्रशासनिक संरचनालाई मितव्ययी बनाउनले लक्ष्यका साथ यो निर्णय गरिएको सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जानकारी दिए ।

निर्णयसँगै खारेज गरिएका निर्देशनालयहरूबाट प्रवाह हुँदै गरेका काम तथा सेवाहरू आगामी दिनमा मन्त्रालयका महाशाखाहरूबाटै उपलब्ध गराउने जानकारी दिँदै उनले यसबाट सेवा प्रवाहमा कुनै असर नपर्ने बताए ।

त्यस्तै जिल्लास्तरका विभिन्न ३२ वटा निकायलाई गाभेर १७ वटामा झार्ने निर्णय गरिएको मुख्यमन्त्री पाण्डेले जानकारी दिए । निर्णयअनुसार खारेज हुने निर्देशनालयहरूमा पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, पूर्वाधार विकास निर्देशनालय, वन निर्देशनालय, शिक्षा विकास निर्देशनालय र प्रादेशिक स्वास्थ्य निर्देशनालय रहेका छन् ।

खारेज भएका केन्द्रमा प्रादेशिक स्वास्थ्य तालिम केन्द्र र प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र रहेका छन् । यसअघि प्रदेशको विद्यमान प्रशासनिक संरचना बोझिलो भएको र खर्च धान्न नसकिने अवस्था आएको भन्दै सरकारले गठन गरेको प्रदेश प्रशासनिक संरचना पुनरावलोकन अध्ययन तथा सुझाव समितिले दिएको प्रतिवेदनअनुसार प्राप्त सुझावका आधारमा यो निर्णय गरिएको उनले बताए ।

प्रतिवेदनलाई आवश्यकता र औचित्यका आधारमा क्रमशः कार्यान्वयन गर्दै लाने सन्दर्भमा यो कदम चालिएको उल्लेख गर्दै उनले यसबाट संरचनागत सुधार, चालु खर्च कटौती, छरितो प्रशासनसँगै मितव्ययी एवं सेवा प्रवाहलाई प्रभावकारी बनाउने विश्वास लिइएको उनले बताए । सरकारले १८५ जना कर्मचारीको दरबन्दी घटाएकोमा अधिकृतस्तरका ४१, सहायकस्तरका ९६ र श्रेणीविहीन ४८ रहेको सरकारले जनाएको छ ।

# पहिरोले मोदीको कोरुंगा गाउँ जोखिममा

**पर्वत–** लगातारको वर्षाका कारण जिल्लाको मोदी गाउँपालिका वडा नं २ देउपुरको कोरुंगा गाउँ जोखिममा परेको छ । भिरबाट पहिरो झर्ने क्रम नरोकिएपछि सिंगो गाउँ नै जोखिममा परेको हो । यहाँ आधा दर्जन घरपरिवारको बसोबास रहेको छ । पातीचौर-देउपुर-लप्सीबोट सडक निर्माणपछि करिब एक दशकदेखि सुरूआत भएको कोरुंगाको पहिरो बढ्दै गएर बस्तीतर्फ पुगेको हो । अहिले यहाँका पाँच घरपरिवार उच्च जोखिममा परेका छन् ।

पहिरोका कारण स्थानीय टीकाराम जैसीको घर भत्किएको छ, भने कुमार केसीको घर उच्च जोखिममा परेको छ । पहिरोले घर नै क्षतिग्रस्त भई बस्न अयोग्य भएपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा सरसामान सुरक्षित स्थानतर्फ सारिएको छ भने बस्नका लागि अस्थायी टहरासमेत निर्माण गरिएको छ । पहिरो रोकथामको प्रयास नहुँदा यहाँका बासिन्दा रातभर जाग्राम बस्ने गरेको बाबुराम जैसीले जानकारी दिए ।

केही वर्ष पहिलेदेखि सुरू भएको पहिरोको रोकथामका लागि आवश्यक पहल हुन नसक्दा बर्सेनि झनै बढ्दै गएको र जोखिम बढिरहेको स्थानीयले गुनासो गरेका छन् । पहिरो झर्ने क्रम नरोकिएकाले जुनसुकै बेला बस्ती नै दुर्घटनामा पर्ने भन्दै आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रविन विष्टले जानकारी दिए ।

गत वर्ष सोही पहिरोको कारण गाउँपालिकाको केन्द्रदेखि वडा नं १, २, ३ र ४ जोड्ने मुख्य सडक तीन महिना पूर्णरूपले अवरुद्ध भएको थियो । पातीचौर देउपुर लप्सीबोट सडकको कोरुंगा खण्डको झण्डै दुई किलोमिटर पक्की सडक क्षतिग्रस्त भएको छ । यस वर्ष पनि सो सडक पूर्णरूपले अवरुद्ध बनेको छ ।

गाउँपालिकाको केन्द्र जोड्ने मुख्य सडक नै अवरुद्ध भएपछि स्थानीयले निकै सास्ती बेहोर्नुपरेको छ । अन्य वैकल्पिक सडकसमेत मर्मतसम्भार नहुँदा आवतजावतमा निकै समस्या परेको स्थानीय शिक्षक भूमिराज शर्माले जानकारी दिए । विकल्पको रूपमा रहेको बेतेनी गौंडा टापु सडक पनि स्तरोन्नति नहुँदा सञ्चालनमा कठिनाइ भएको उनले बताए । नयाँ पुल मख ठूली पोखरी सडक पनि ठाउँ ठाउँमा पहिरो गएर क्षतिग्रस्त भएको छ ।

वातावरणीय र भौगोलिक अवस्थालाई ख्याल नगरी अव्यवस्थित किसिमले सडक निर्माण गरिएको र ढल निकासको राम्रो व्यवस्था नभएका कारण ग्रामीण भेगका सडक निर्माण सम्पन्न नहुँदै क्षतिग्रस्त हुने गरेका छन् । वर्षाको समयमा गरिने निर्माण कार्यले पनि विपत्ति निम्त्याइरहेको स्थानीय बताउँछन् । *रासस*

# कर्णालीमा 'राउटे करिडोर' बन्दै

**काँक्रेबिहार (सुर्खेत)–** कर्णाली प्रदेश सरकारले लोपोन्मुख फिरन्ते राउटे समुदायको संरक्षण गर्न राउटे करिडोर निर्माण गर्ने भएको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेशको राउटे नीति, राउटे समन्वय समितिको अध्ययन प्रतिवेदन, विभिन्न संवैधानिक आयोगको सिफारिस तथा राउटेको विगत १० वर्षको बसोबासस्थलको नक्सांकनका आधारमा करिडोर बनाउने भएको हो ।

कर्णालीका दैलेख, सुर्खेत, सल्यानलगायतका पहाडी जिल्लाका वन क्षेत्रमा अस्थायी टहरा बनाएर राउटे बसोबास गर्छन् । प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले आफ्नो एकवर्षे कार्यप्रगति सार्वजनिक गर्दै राउटेको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न चालु आर्थिक वर्षमा राउटे करिडोर स्थापना गर्न लागिएको बताए ।

राउटे बसाइँ सर्ने क्षेत्र समेटेर बनाइने करिडोर अवधारणामा राउटे समन्वय समितिको निर्णयका आधारमा प्रोफाइल प्रकाशन गर्ने, विकास साझेदारको समन्वयमा पोषणयुक्त खाद्यसामग्री प्रदान गर्ने, राउटेका लागि प्रादेशिक तथा अन्य सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था मिलाइने उनले बताए । यस्तै राउटे समुदायका बालबालिकालाई शिक्षाको अवसरतर्फ अग्रसर गराउन आवश्यक सामग्री विकास गरी वितरण गर्नेदेखि आवश्यक क्षमता विकासका कार्यक्रम राउटे करिडोरमार्फत गरिने छ । करिडारमार्फत राउटे समुदायको संरक्षण गर्न समानुकूल कानुनी प्रबन्धसमेत गरिने छ ।

राउटे समुदाय नेपालको मौलिक सांस्कतिक सम्पदा उल्लेख गर्दै मन्त्री भण्डारीले उनीहरूको संरक्षण र सशक्तीकरणमा राज्य तथा समाज दुवैको साझा जिम्मेवारी भएको बताए । आधुनिक शिक्षा, स्वास्थ्य सेवा र पूर्वाधारको पहुँच अत्यन्त न्यून भए पनि राज्यले भत्ता, स्वास्थ्य जाँच र जीवनस्तर सुधारका विभिन्न कार्यक्रममार्फत उनीहरूलाई समावेश गर्न प्रयास गरिएको भए पनि उनीहरूको परम्परा तथा स्वतन्त्रताको सम्मान गरी विकासको मार्ग तय गर्न चुनौतीपूर्ण रहेको उनले बताए ।

गत आर्थिक वर्षमा उनीहरूलाई आवश्यक लत्ताकपडा, त्रिपाल, खाद्यान्न सामग्रीलगायतका सहायता उपलब्ध गराइएको उल्लेख गर्दै विभिन्न गैरसरकारी संघसंस्थासँगको समन्वयमा राउटेलाई मूल प्रवाहीकरणमा ल्याउने प्रयास भइरहेको मन्त्री भण्डारीले बताए । *रासस*

## मनाङमा सार्वजनिक यातायातको भाडादर घटाइयो

**मनाङ (प्रस)–** मनाङको बेसीसहर-चामे-खाङसार सडकमा सञ्चालित सार्वजनिक यातायातका साधनको भाडादर घटाइएको छ । साविकको तुलनामा आधा भाडादर घटाइएको हो ।

सार्वजनिक यातायात आचारसंहिता, २०६७ को परिपालना गर्नेसम्बन्धी निर्णयको पालनका सम्बन्धमा बृहत् छलफलपश्चात् नयाँ भाडादर निर्धारण गरिएको प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले जानकारी दिए । आगामी दिनमा उक्त आचारसंहिताको पूर्ण रूपमा परिपालना गर्न निर्देशन दिने, सोको निरन्तर अनुगमन, मूल्यांकन गर्ने तथा उल्लंघन भएको पाइएमा कानुनबमोजिम कारबाही गर्ने निर्णय गरिएको छ । साथै, सडकखण्डको अवस्थामा आएको सुधार, यात्रुको भाडादरमा भएको समायोजन तथा जिल्लाको स्वीकृत जिल्ला दररेटका आधारमा ढुवानीको दरसमेतलाई समायोजन गर्ने निर्णय गरिएको छ ।

प्रजिअ आचार्यले भने, 'अस्थायी मार्ग तथा भाडा निर्धारण समितिको बैठकबाट भाडादर निर्धारण गरिएको छ । भाडा निर्धारण गरिएपछि स्थानीयलाई सहज हुने छ ।' बैठकले विगतमा एक हजार ५०० रूपैयाँ भाडा लिने सो रुटको भाडादर हाल ७५० रूपैयाँ निर्धारण गरेको छ । नयाँ भाडादर आगामी भदौ १ गतेबाट लागू हुने छ ।


ताप्लि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रूपाटार, उदयपुर, कोशी प्रदेश, नेपाल

गाउँपालिकाद्वारा गाउँबासीहरूलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश

स्वास्थ्य सम्बन्धी गाउँपालिका बासीमा सचेतना

१) गर्मीयाममा अपनानुपर्ने कुराहरू
क) सढेंगलेका बासी खानेकुराहरू नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।



२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।



३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।





साउदीमा रोजगार
कम्पनी : VISION OPERATION AND MAINTENANCE EST.
पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 328745 | चलानी नं. ६०२४२७७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | helper/ordinary labourer/loading & unloading worker | 30 | 0 | 1000 | ३७,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL TAMWEEN PROJECTS COMPANY, CLOSED JOINTSTOCK COMPANY.
पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 328926 | चलानी नं. ६०२४२७७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 15 | 0 | 1800 | ६७,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ३ गते (19th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com
Govt. License No. 1161/073/74



साउदीमा रोजगार
कम्पनी : AINAYA AL JAMRAH AUTO SERVICES Establishment
पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 328891 | चलानी नं. ६०२४२७२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLODING WORKER | 4 | 0 | 1000 | ३७,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARCO HUMAN RESOURCES COMPANY.
पूर्व स्वीकृति मिति : २०८२/०४/२३ | LT. No. 328815 | चलानी नं. ६०२४२७२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FLOWER ARRANGER | 2 | 0 | 1600 | ५९,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ३ गते (19th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०



साउदीमा रोजगार
कम्पनी : HUSSAIN AHMED MOHAMMAD AL HALYALI EST. FOR VEGETABLE & FRUIT
पूर्व स्वीकृति मिति : २०८२/११/०१ | LT. No. 318798 | चलानी नं. ६०२३३१४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 2 | 0 | 1000 | ३७,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MAIJNA TAILORING EST FOR GENTS TAILOR
पूर्व स्वीकृति मिति : २०८२/०४/०९ | LT. No. 328297 | चलानी नं. ६०२४२७७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1200 | ४४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BABIL AL SHAM EST
पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | LT. No. 328738 | चलानी नं. ६०२४२७७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1200 | ४४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAZAYA UNITED TRADING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०४/१३ | LT. No. 328010 | चलानी नं. ६०२४२७७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1200 | ४४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ३ गते (19th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75

# प्रभाव दैनिक

मंगलबार, २७ साउन, २०८२ (Tuesday, 12 August 2025)


रूपशाला

### 'जारी-२, सङ अफ च्याब्रुङ' को टिजर सार्वजनिक

आगामी असोज ३ गते रिलिज हुने फिल्म 'जारी-२, सङ अफ च्याब्रुङ' को टिजर सार्वजनिक गरिएको छ । टिजर लिम्बु समुदायको पहिचान च्याब्रुङ बाजाको सेरोफेरोमा घुमेको छ । च्याब्रुङ नै नाच्न नजान्ने लिम्बुलाई 'नाङ्गो' पहाडसँग तुलना गर्ने संवादबाट सुरू हुने २ मिनेट ३४ सेकेन्डको टिजरले फिल्मको कथा केही खोलेको छ । उपेन्द्र सुब्बाको लेखन तथा निर्देशन रहेको फिल्मलाई रामबाबु गुरूङ, मधु मिजार र जीवन गुरूङले निर्माण गरेका हुन् । फिल्ममा दयाहाङ राई, मिरूना मगर र विजय बराल, बुद्धि तामाङ, ऋचा शर्मा, पुष्कर गुरूङ, प्रेम सुब्बा, माओत्से गुरूङलगायतको अभिनय छ ।



# पाँच कार्टुनिस्टलाई 'बराथ स्मृति सम्मान'




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल कार्टुनिस्ट क्लबले पाँच जना अग्रज कार्टुनिस्टलाई 'बराथ स्मृति सम्मान' प्रदान गरेको छ। क्लबले सोमबार यहाँ आयोजना गरेको समारोहमा उहाँहरूलाई सम्मान प्रदान गरेको हो । सम्मानित हुनेमा अशोकमान सिंह, जीवन राजोपाध्याय, रविन सायमी, राजेश केसी र अविन श्रेष्ठ रहेका छन् । उनीहरूलाई नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले दोसल्ला ओढाएर कदरपत्रसहित सम्मान प्रदान गरेका थिए ।

पाँच दशकदेखि नेपाली कार्टुन क्षेत्रमा सक्रिय अग्रज कार्टुनिस्ट सिंहको नेपाली कार्टुनको संस्थागत आधार तयार पार्नमा महत्वपूर्ण भूमिका रहेको छ । यस्तै, अर्का कार्टुनिस्ट राजोपाध्याय २०४४ सालमा कामना मासिक पत्रिकाबाट कार्टुनिस्टका रूपमा लागेका थिए । यस्तै, चार दशकदेखि कार्टुनमा सक्रिय अर्का कार्टुनिस्ट रविन सायमीले दृष्टि साप्ताहिकबाट काम थालेका थिए भने राजेश केसी तीन दशकदेखि कार्टुन पत्रकारितामा सक्रिय छन् । यस्तै, अविन श्रेष्ठ २०५० सालदेखि गोरखापत्रबाट कार्टुन पत्रकारितामा सक्रिय छन् ।

कार्यक्रममा कुलपति हार्तम्छालीले यसरी सम्मान प्रदान गर्दा कार्टुन कला सिर्जनामा प्रोत्साहन मिल्ने बताउँदै आगामी दिनमा प्रतिष्ठान पनि सहकार्य गरेर कार्टुन कलाको विकासमा लाग्ने प्रतिबद्धता जनाए । उनले आगामी दिनमा कार्टुनलाई एनिमेसनसँग जोडेर लैजानुपर्नेमा जोड दिए । कृत्रिम बौद्धिकता (एआई) को तीव्रत्तर विकाससँगै कार्टुनलाई पनि सोहीअनुसार रूपान्तरण गर्न जरुरी रहेको कुलपति हार्तम्छालीको भनाइ थियो । नेपाल कार्टुनिस्ट क्लबका अध्यक्ष बासु क्षितिजले कार्टुन क्षेत्रको विकास र यसमा लागिरहेका व्यक्तिहरूको सम्मानका लागि आफूहरू थप क्रियाशील हुने बताए ।

सम्मान छनोट समितिका सदस्य केशवराज खनालले सम्मानित व्यक्तिका बारेमा जानकारी दिँदै विगतमा विविध कारणले विसं २०७७ देखि २०८१ सम्म रोकिएको सम्मान प्रदान गरिएको हो । हरेक वर्ष एक जना कार्टुनिस्टलाई उक्त सम्मान प्रदान गर्ने गरिएको छ । अर्का कार्टुनिस्ट अविन श्रेष्ठले २०७० सालमा आफू क्लबको अध्यक्ष भएका बेला स्थापना भएको उक्त सम्मानबाट आफैं सम्माति हुन पाउँदा खुसी लागेको प्रतिक्रिया दिए ।

# 'कश्यप' मार्फत टिकटकर आभा ढुंगानाको डेब्यु पक्का

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'कश्यप' मा लोकप्रिय टिकटक स्टार तथा इन्फ्लुएन्सर आभा ढुंगाना अभिनेत्रीका रूपमा अनुबन्धित भएकी छन् । निर्देशक दिनेश जी खड्काका अनुसार, कथाको मागअनुसार नयाँ अनुहारलाई अवसर दिन खोजिएको हो र आभाको प्रतिभा तथा परफर्मेन्सलाई ध्यानमा राखी स्क्रिन-टेस्ट गरेरै फाइनल गरिएको हो ।

आभाले यसै फिल्मका लागि एक्सन दृश्यको बिशेष प्रशिक्षण लिईरहेकी छिन्, जसले उनको भूमिकामा थप दमदार र यथार्थता परक बनाउने अपेक्षा गरिएको छ ।

यसै फिल्ममार्फत बालकलाकार रिद्धी खत्रीले पनि नेपाली रजतपटमा



डेब्यु गर्न लागेकी छन् । अडिसनमार्फत चयन भएकी रिद्धीले धेरै प्रतिस्पर्धीलाई पछि पार्दै 'कश्यप'को महत्वपूर्ण पात्रमा अवसर पाएकी हुन् । उनको अभिनयले फिल्मलाई नयाँ आयाम दिने निर्माण पक्षको विश्वास छ ।

आभा ढुंगाना भन्छिन्, 'फिल्मको कथा, गीत-संगीत र सम्पूर्ण पक्षलाई उत्कृष्ट बनाउन निर्माण टोलीले अत्यन्तै मेहनत गरिरहेको छ । मलाई विश्वास छ, 'कश्यप'ले दर्शकहरूलाई मनोरञ्जन मात्र होइन, राम्रो सन्देश पनि दिनेछ ।'

यसअघि निर्माण पक्षले एक्सन हिरो सविन श्रेष्ठलाई फिचर गरेर फष्टलुक पोस्टर सार्वजनिक गरिसकेको छ, जसले फिल्मप्रति दर्शकमाझ उत्सुकता र कौतुहलता बढाएको छ ।

एक्सन, प्रेम र म्युजिकल्ली रूपमा उत्कृष्टता दिँदै 'कश्यप' पुर्णरूपमा मनोरञ्जनात्मक फिल्म हुनेछ भने चाँडै नै फिल्मको छायाँकन थालनी हुने बताएको छ ।

# 'राधा-लक्ष्मण क्रियाशील पत्रकारिता पुरस्कार' स्थापना

■ प्रभाव संवाददाता

**ललितपुर–** नेपाल पत्रकार महासंघ, ललितपुर जिल्ला शाखाले 'राधा-लक्ष्मण क्रियाशील पत्रकारिता पुरस्कार' स्थापना गरेको छ । बिहीबार ललितपुर शाखा र ललितपुरको झम्सीखेलका लक्ष्मणबहादुर बिष्टबीच पत्रकारिता पुरस्कार स्थापना गर्नेसम्बन्धी औपचारिक सहमति भएको हो । एक कार्यक्रमकाबिच दुबै पक्षबीच सहमति-पत्रमा हस्ताक्षर भएको हो ।

'राधा-लक्ष्मण क्रियाशील पत्रकारिता पुरस्कार' नाम दिइएको उक्त पुरस्कारको लागि लक्ष्मणबहादुर बिष्टले एक लाख पचास हजार रूपैयाँको अक्षयकोष स्थापना गर्न सहमति जनाएका छन् । उक्त रकमको वार्षिक ब्याजबाट हरेक वर्ष एक जना कृयाशील पत्रकारलाई सम्मान गरिनेछ ।

महासंघ ललितपुर शाखाका तर्फबाट अध्यक्ष रामहरि कार्की र लक्ष्मणबहादुर बिष्टले सहमती पत्रमा हस्ताक्षर गर्दै उक्त पुरस्कारको घोषणा गरेका हुन् ।

सहमति-पत्रअनुसार पुरस्कारको सम्पूर्ण कार्यविधि तथा छनोट प्रक्रिया महासंघले निर्माण गर्नेछ । पुरस्कार अर्थ, राजनीति, अपराध, कृषि, धर्म, संस्कृति तथा कलाका क्षेत्रहरूमा कलम चलाउने कृयाशील पत्रकारलाई प्रदान ललितपुर शाखाका सचिव दीपक अर्यालले जानकारी दिए ।

पुरस्कार प्राप्त गर्न नेपाल पत्रकार महासंघ ललितपुर शाखामा आबद्ध सदस्य मात्र योग्य हुनेछन् । स्वर्गीय राधा विष्टको स्मृतिमा नयाँमार्ग साप्ताहिकका सम्पादक/प्रकाशक लक्ष्मण बहादुर विष्टले स्थापना गर्न सहयोग गरेका हुन् ।

रंगशाला

# यू-२० महिला एसियन कप छनोट खेलेर फर्कियो नेपाली टोली

■ प्रभाव संवाददाता

**काठमाडौं** – एएफसी यू-२० महिला एसियन कप छनोट खेलेर नेपाली टोली भुटानबाट स्वदेश फर्किएको छ । घर फर्किनुअघि नेपालले आइतबार समूह ए को आफ्नो अन्तिम खेलमा उत्तर कोरियासँग ११-० को पराकिलो हार व्यहोरेको थियो । भुटानको थिम्पुस्थित चाङलिमिथाङ स्टेडियममा आइतबार भएको खेलमा बलियो टिम उत्तर कोरियाले पहिलो हाफमा ५ र दोस्रो हाफमा ६ गोल गरेको थियो ।

छनोटमा नेपालले ३ खेल खेलेर ४ अंकमात्रै जोड्न सक्यो । नेपालले पहिलो खेलमा भुटानसँग १-१ को बराबरी खेल्दा साउदी अरेबियासँग १-० ले विजयी भएको थियो । नेपाल रहेको समूहबाट सबै ३ खेल जितेको उत्तर कोरिया ९ अंकका साथ समूह विजेता बनेर अर्को वर्ष थाइल्याण्डमा हुने एसियन कपमा छनोट भयो ।



## नेपालको ओडिआइ वरीयता यथावत्



**काठमाडौं (प्रस)–** नेपालको एकदिवसीय अन्तर्राष्ट्रिय (ओडिआइ) वरीयता यथावत् रहेको छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले सार्वजनिक गरेको वरीयतामा नेपाल १७औं स्थानमा छ । भारत शीर्ष स्थानमा कायमै छ । न्युजिल्यान्ड दोस्रो र अस्ट्रेलिया तेस्रो स्थानमा छ । श्रीलंका एक स्थान सुधार गर्दै चौथो स्थानमा पुगेको छ । पाकिस्तान भने एक स्थान तल झरेर पाँचौं स्थानमा पुगेको छ । दक्षिण अफ्रिका छैटौं, अफगानिस्तान सातौं र इङ्ल्यान्ड आठौं स्थानमा यथावत् छ । वेस्ट इन्डिजले एक स्थान सुधार गर्दा बंगलादेश खस्किएको छ ।

ताप्लेजुङ गोल्डकप

## चर्च ब्वाइज सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**ताप्लेजुङ–** चर्च ब्वाइज क्लब ललितपुर ताप्लेजुङमा जारी अन्तरराष्ट्रिय आमन्त्रण तेस्रो ताप्लेजुङ गोल्डकपको सेमिफाइनल प्रवेश गरेको छ ।

सोमबार भएको तेस्रो क्वाटर फाइलनमा भारतको लिजेण्ड फुटबल एकेडेमी सिलिगुढीलाई १-० गोल अन्तरले पराजित गर्दै चर्च ब्वाइज सेमिफाइनल प्रवेश गरेको हो । खेलको १० औं मिनेटमा चर्च ब्वाइजका मनिष जर्घाले गरेको गोल नै जितका लागि पर्याप्त बन्यो ।

चर्च ब्वाइजले बुधबार हुने पहिलो सेमिफाइनलमा सुनसरीसँगको भेट पक्का गरेको छ । शनिबारदेखि सुरु खेलमा सुनसरीको द योङ ब्रदर्श क्लब र झापाको रेडस्टार फुटबल क्लबले विजयी सुरुआत गर्दै सेमिफाइनलको यात्रा तय गरिसकेका छन् ।

आइतबार भएको दोस्रो क्वाटर फाइनलमा पोखराको सहारा क्लबलाई २-० गोलअन्तरले पराजित गर्दै झापा सेमिफाइनलमा पुगेको थियो भने शनिबारको पहिलो उद्घाटन खेलमा आयोजक तेल्लोक स्पोर्टिङ क्लबलाई २-१ गोलअन्तरले पराजित गर्दै सुनसरी सेमिफाइनलमा प्रवेश गरेको हो ।

मगलबार (आज) हुने क्वाटर फाइनलको अन्तिम खेलमा सिरहाको सलहेश युवा क्लब र फिदिम स्पोर्टिङ क्लब पाँचथरबीच प्रतिस्पर्धा हुनेछ । उक्त खेलको विजेताले बिहीबार हुने दोस्रो सेमिफाइनलमा झापासँग प्रतिस्पर्धा गर्नेछ ।

लाखे जात्राका अवसरमा लाखेजात्रा सञ्चालन समितिद्वारा आयोजित प्रतियोगितामा यस पटक आठ टिमको सहभागिता छ । प्रतियोगिताको फाइनल खेल साउन ३१ गते हुनेछ । प्रतियोगिताको विजेताले रु सात लाख दुई हजार ८२ र उपविजेताले रु तीन लाख ५० हजार ८२ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।


**साउदीमा रोजगार** कम्पनी : AL- MASHREQIYAH NATIONAL COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/२६ | LT. No. 328898 | चलानी नं. ६०२४२७३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | School Bus Driver | 10 | 0 | 1800 | ६७,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ३ गते (19th Aug. 2025) मा हुनेछ ।

